karobardaily .com

# कारोबार

TBi PUBLICATIONS

वर्ष ११ | अंक १८१ | राष्ट्रिय संस्करण | नेपाल संवत् ११४०
सोमबार, २९ असार २०७७ | MONDAY, 13 JULY 2020

नेपालमा सर्वाधिक पढिने पहिलो राष्ट्रिय आर्थिक दैनिक
पृष्ठ ८ | मूल्य १० रुपैयाँ


म्याग्दी पहिरोमा परेका २८ शव भेटियो
राजनीति/समाज २

तीनै तहबीच समन्वय नहुँदा विकास योजना अलपत्र
बैंक/अर्थतन्त्र ३


भारुसँगको स्थिर विनिमयदर पुनरावलोकन हुनुपर्छ
बहस ८


**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सेयर बजारमा आइतबार

### कमाउने




### गुमाउने




### धेरै सेयर कारोबार




## भित्र

### मौद्रिक नीति पुनर्कर्जा व्यवस्थापन र रोजगारीमा केन्द्रित हुनुपर्छ

नेपाल राष्ट्र बैंकका प्रवक्ता तथा कार्यकारी निर्देशक डा. गुणाकर भट्टले कोभिड-१९ का कारण प्रभावित निजी क्षेत्रको समस्या समाधान गर्दै पुनर्कर्जा व्यवस्थापन र रोजगारी सिर्जनामा ध्यान दिएर मौद्रिक नीति ल्याउने तयारी गरेको बताएका छन् । आइतबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा प्रवक्ता भट्टले सबै क्षेत्रका विज्ञहरुको सुझाव लिने काम भइसकेको जनाए। पृष्ठ ३

# श्रम स्वीकृतिको एक वर्ष पूरा भएका श्रमिकको निशुल्क उद्धार

**गोपाल संग्रौला**

काठमाडौं, २८ असार



कोभिड १९ का कारण समस्यामा परेका नेपालीलाई सरकारले निशुल्क उद्धार गर्ने भएको छ । स्वदेश फिर्तासम्बन्धी निर्देशिका जारी गर्दै विदेशमा अलपत्र श्रमिकलाई निशुल्क उद्धार सुरु गर्ने भएको हो । यसका लागि सोमबार बस्ने मन्त्रिपरिषद् बैठकले वैदेशिक रोजगार बोर्डअन्तर्गत गरिने उद्धारसम्बन्धी निर्देशिका पास गर्ने भएको छ । यससँगै विदेशमा अलपत्र श्रमिक तथा अन्य नेपालीलाई उद्धार गर्न सोमबार (आज) बाट कानुनी रूपमा दुई सरकारी संयन्त्र सक्रिय रहने भएका छन् ।

हालसम्म कोभिड-१९ विपद् व्यवस्थापन समिति (सीसीएमसी) मार्फत श्रमिकसहित विदेशमा अलपत्र सबै नेपाली सशुल्क उद्धार गर्दै आएकोमा सो निर्देशिका जारी गरी वैदेशिक रोजगार कोषमा योगदान गरी मापदण्डमा परेका श्रमिकलाई मात्र स्वदेश ल्याईने छ । बोर्डमार्फत गरिने उद्धार पूर्ण र आंशिक रूपमा निशुल्क हुने वैदेशिक रोजगार बोर्डका निर्देशक दीनबन्धु सुवेदीले जानकारी दिए । "श्रम स्वीकृति लिएर गएका तथा एक वर्ष पुगेका कुनै पनि श्रमिक अलपत्र परे उनीहरूको सम्पूर्ण खर्च बोर्डले बेहोर्ने छ । यसका लागि श्रमिकलाई कुनै आर्थिक भार पर्ने छैन," निर्देशक सुवेदीले भने, "यसैगरी श्रम स्वीकृति लिएको १ वर्षभन्दा बढी समय भएका श्रमिकको उद्धार गर्दा बोर्डले ५० प्रतिशत बेहोर्ने भन्ने रहेको छ ।"

सीसीएमसीमार्फत पनि उद्धार जारी राख्न एक हप्ताको समयावधि थप गरिएको छ । यसअघि सरकारले वैदेशिक रोजगारीमा गएका तथा स्वदेश फर्किन नपाएर अलपत्र परेर स्वदेश फर्केका २२ हजार नेपालीलाई खर्च लिएर फर्काएको थियो । सर्वोच्च अदालतले असार १ गते विदेशमा अलपत्र परेकाहरूमध्ये दूतावासले प्रमाणित गरेकाहरूलाई वैदेशिक रोजगार बोर्ड अन्तर्गतको कल्याणकारी कोषको रकमबाट स्वदेश फिर्ता गर्ने प्रवन्ध गर्न र त्यसका लागि कार्यविधि बनाउन आदेश दिएको थियो । यही आदेशअनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निर्देशिक बनाइ रायका लागि कानुन मन्त्रालय पेश गरेकोमा सोमबारको मन्त्रिपरिषद्ले पास गर्ने भएको छ । कोभिड-१९ का कारण विदेशमा रोजगारी गुमाएका र अलपत्र परेका श्रमिकको संख्या बढ्दै गए बोर्ड श्रमिकसहित विभिन्न निकायले जम्मा गरेको रकम भने रित्तिने सम्भावना रहेको बिज्ञले बताएका छन् । उद्धार गर्नुपर्ने श्रमिकको संख्या बढे अन्य स्रोतबाट रकम लिने योजना रहेको बोर्डले जनाएको छ । बोर्डले हाल विभिन्न डेड दर्जन श्रमिकमैत्री सामाजिक तथा आर्थिक कामका लागि बोर्डको पैसा खर्च गदै आएको छ । बोर्डमा रहेको कल्याणकारी कोषबाट मासिक ८० करोडभन्दा बढी श्रमिकका लागि खर्च हुदै आएको छ । कोषमा हालमा ५ अर्ब २ करोड रुपैयाँ रहेको बोर्डले जनाएको छ ।

मन्त्रिपरिषद् बैठकबाट पारीत निर्देशिका जारी भएपछि अब भने सरकारी खर्चमा नै मापदण्डमा परेका श्रमिक स्वदेश फर्किन पाउने छन् । मन्त्रिपरिषद्मा पठाइएको कार्यविधिअनुसार निशुल्क तथा आंशिक निशुल्क सुविधा श्रम स्वीकृति लिएर गएकाहरूले मात्र पाउनेछन् ।

(बाँकी पृष्ठ २ मा)

# खिम्तीबाट नर्वेजियनको ५० प्रतिशत स्वामित्व हट्यो

**भीम गौतम**

काठमाडौं, २८ असार

नर्वेजियन कम्पनीको खिम्ती विद्युत् गृहमा रहेको ५० प्रतिशत स्वामित्व आइतबारदेखि स्वतः अन्त्य भएको छ । तर, कानुनी प्रक्रिया पूरा नभएकोले आधार सेयर नेपाल विद्युत् प्राधिकरणको नाममा भने आइसकेको छैन । दोलखाको तामाकोशी गाउँपालिका सहरेमा पर्ने यो आयोजना ६० मेगावाट क्षमताको हो ।

नेपाल सरकार र प्रवर्द्धकबीच भएको आयोजना विकास सम्झौता (पीडीए) अनुसार सन् २०२० को जुलाई ११ अर्थात २०७७ असार २७ गतेपछि आधा स्वामित्व प्रवर्द्धक कम्पनीको अन्त्य हुने र स्वतः प्राधिकरणको नाममा आउने उल्लेख छ । आधा स्वामित्वसँगै विद्युत् खरिद सम्झौता (पीपीए) पनि नयाँ कायम भएर संयुक्त कम्पनीमार्फत सञ्चालन हुनुपर्ने सम्झौतामा छ । तर, कोरोना महामारीपछिको अवस्थाले प्रक्रिया पूरा नभएकोले कानुनी रुपमा भने प्राधिकरणको नाममा आउन बाँकी नै छ ।

सम्झौताअनुसार १२ जुलाई २०२० देखिनै सबै प्रक्रिया पूरा भएर संयुक्त कम्पनीमार्फत सञ्चालन हुने अवस्था नभएपछि कानुनतः सम्झौता शून्य अवस्थामा पुग्छ । अर्थात् विद्युत् गृह सञ्चालन नै बन्द गर्नुपर्ने अवस्था सिर्जना हुन्छ । तर, सरकारले विद्युत् गृह बन्द हुन नदिइ सञ्चालनका लागि अन्तरिम व्यवस्था गर्ने गरी प्रक्रिया अघि बढाएको छ । यसका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले प्रवर्द्धक हिमाल पावर कम्पनीलाई अन्तरिम व्यवस्थापन गरी अघि बढ्ने गरी समझदारी गर्नका लागि पत्र भने पठाइसकेको छ । मस्यौदाबारे नर्वेजियन कम्पनीले प्रतिक्रिया पठाए पनि अन्तरिम व्यवस्थापन कसरी गर्ने भनेर टुंगो नलागिसकेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए ।

मन्त्रालयले तत्कालका लागि सञ्चालन खर्च लगायतका अत्यावश्यक खर्च भुक्तानी गर्ने र पछि समायोजना गर्ने गरी विद्युत् गृह सञ्चालनका लागि पत्र पठाएको छ । मन्त्रालय स्रोतका अनुसार कोरोनाको कारण रोकिएको हस्तान्तरणदेखि पीपीएसम्मको प्रक्रिया पूरा गर्न तीन महिना लाग्ने भएकोले तत्काल सञ्चालन सम्भारका लागि प्रतियुनिट १.६४ रुपैयाँ पीपीए दर दिने गरी समझदारीको मस्यौदा पठाइएको थियो । तर, प्रवर्द्धक कम्पनीले यसभन्दा बढी दिनुपर्ने गरी प्रतिक्रिया दिइएको छ ।

पीडीएअनुसार हाल प्रवर्द्धक हिमाल पावर कम्पनीको नाममा शतप्रतिशत सेयर छ । प्रवर्द्धक कम्पनीमा दुई नर्वेजियन कम्पनीका साथै बुटवल पावर कम्पनी (बीपीसी) को पनि सेयर छ । हस्तान्तरण प्रक्रियाका लागि आयोजनाको सम्पूर्ण सम्पत्तिको प्रमाणीकरणको प्रतिवेदन तयार भइसकेको छ । पीपीएको भने अझै टुंगो लागेको छैन । प्रवर्द्धक कम्पनीले अहिलेको पोष्टपेट दर मागे पनि यसबारे दुवै पक्षबीच कसरी अघि बढ्ने भन्ने टुंगो लागिसकेको छैन । ज्वाइन्ट भेन्चर कम्पनी (जेभीसी) गठनको प्रक्रियामा र यसपछि हुने संयुक्त नाममा अनुमतिपत्र (लाइसेन्स) लिने, नयाँ सञ्चालक समितिको बोर्ड निर्धारण, हाल कार्यरत कर्मचारीहरूको समायोजन, हस्तान्तरण गर्दाको कर निर्धारण गर्ने र तिर्ने लगायतका काम अघि बढेका छैनन् ।

स्वामित्व हस्तान्तरणको पूर्व तयारीका लागि उद्योग, वाणिज्य आपूर्ति मन्त्रालयको कम्पनी रजिष्ट्रार कार्यालय, अर्थ मन्त्रालय, ऊर्जा मन्त्रालय, विद्युत् विकास विभाग, प्राधिकरण बोर्ड हुँदै मन्त्रिपरिषद्सम्म जानुपर्ने भएकोले यसका लागि लामो प्रक्रिया लाग्ने उनको भनाइ छ । प्रवर्द्धक कम्पनीका साथै नेपाल सरकारका विभिन्न निकायसँग बारम्बार छलफल र सौदाबाजी (नेगोसिएसन) पछि मात्र यी सबै प्रक्रिया टुंगिन्छन् ।

५० वर्षका लागि हिमाल पावर कम्पनीले लिएको सो आयोजनाको सन् २००० मा उत्पादन सुरु भएको थियो । २० वर्षमा आधा स्वामित्व प्राधिकरणलाई जाने व्यवस्था रहेको थियो । डलरमा पीपीए गरिएको आयोजनाबाट उत्पादित विद्युत् प्रतियुनिट २१ रुपैयाँसम्म प्राधिकरणले किनिरहेको छ । यसको कारण खिम्तीले वार्षिक करिब ५ अर्ब रुपैयाँ कमाउँदा प्राधिकरणले झण्डै दुई अर्ब रुपैयाँ नोक्सान बेहोरिरहेको छ । नयाँ पीपीए नेपाली मुद्रामै गर्ने कारण अब भने दुई अर्ब मात्र आम्दानी हुनेछ भने यसबाट प्राधिकरणले तीन अर्ब जोगिनेछ । यसको सरकारलाई तिर्नुपर्ने वार्षिक ४० करोड रुपैयाँ रोयल्टी पनि प्राधिकरण आफैंले तिरिरहेकोमा त्यो पनि अब हट्नेछ ।

> सम्झौताअनुसार १२ जुलाई २०२० देखिनै सबै प्रक्रिया पूरा भएर संयुक्त कम्पनीमार्फत सञ्चालन हुने अवस्था नभएपछि कानुनतः सम्झौता शून्य अवस्थामा पुग्छ । अर्थात् विद्युत् गृह सञ्चालन नै बन्द गर्नुपर्ने अवस्था सिर्जना हुन्छ ।



# देशैभर पूर्वाधार विस्तार गर्दै आयल निगम

**लक्ष्मी सापकोटा**

काठमाडौं, २८ असार

नेपाल आयल निगमले मुलुकका विभिन्न स्थानमा पूर्वाधार विस्तार गर्ने तयारी गरेको छ । पेट्रोलियम पदार्थको भन्डारण विस्तारदेखि निगमले कर्पोरेसन हाउस निर्माण गर्ने तयारी गरेको हो । निगमले आगामी आर्थिक वर्षमा विस्तार गर्ने गरी विभिन्न कार्यक्रम अगाडि बढाएको छ । तीन महिनालाई पुग्ने पेट्रोलियम पदार्थको भन्डारण विस्तार गर्ने निगमको योजनाअनुरूप अहिले विभिन्न ठाउँमा भन्डारणका लागि पूर्वाधार निर्माण गर्न लागिएको हो ।

निगमका इन्जिनियरिङ परियोजना तथा सूचना प्रविधि विभागका निर्देशक पूर्णप्रसाद रिजालले पोखरा र भैरहवामा इन्धनको भन्डारण क्षमता विस्तार गर्न लागिएको जानकारी दिए । पोखरामा १० हजार किलोलिटर क्षमताको डिजेलको डिपो विस्तार गर्न लागिएको उनले जानकारी दिए । ७७ करोड लागतमा विस्तार गर्न लागिएको डिपोको लागि टेन्डर आह्वान गरिसकेको निगमले जानकारी दिएको छ । पोखरामा हाल ३ हजार ५ सय किलोलिटर क्षमताको भन्डारण रहेको छ । पोखराको क्षेत्रीय विमानस्थलका लागि दुईदेखि तीन हजार किलोलिटर हवाई इन्धनको भन्डारण बढाउन लागिएको निगमले जानकारी दिएको छ ।

भैरहवाको अन्तर्राष्ट्रिय गौतम बुद्ध विमानस्थलका लागि १० हजार किलोलिटर हवाई इन्धनको डिपो विस्तार गर्ने तयारी गरिएको छ । भैरहवामै ४ करोड ९८ लाख लागतमा ३ सय ५० किलोलिटर क्षमताको अन्डर ग्राउन्ड ट्याङ्की निर्माण गर्न लागिएको रिजालले जानकारी दिएको छ । जनकपुर, झापाको भद्रपुर र रामेछापको मन्थलीमा १५० किलोलिटर क्षमताको हवाई इन्धनको बन्डेड ट्याङ्की निर्माण गर्न लागिएको छ । नौ करोड लागतमा मन्थलीमा ३० किलोलिटर र जनकपुर र भद्रपुरमा ६०/६० किलोलिटर क्षमताको बन्डेड ट्याङ्की निर्माण गर्न लागिएको हो । निगमको केन्द्रीय कार्यलय बबरमलमा कर्पोरेट भवन निर्माण गर्न योजना रहेको छ । १० तलाको कर्पोरेट भवन निर्माण गर्न लागिएको छ । यसमा सूचना प्रविधि विभाग बनाउनुका साथै कारोबारलाई डिजिटाइजेसन बनाउन लागिएको निगमको भनाइ छ । यसले गर्दा काम गर्नका लागि जनशक्ति कम लाग्ने निगमको भनाइ छ । यस्तै, थानकोटमा रहेको चार रोपनी जग्गामा तालिम केन्द्र निर्माण गर्ने तयारी गरिएको छ । यस्तै, चितवनको लोथरमा ९० हजार किलोलिटर क्षमताको पेट्रोलियम पदार्थको भन्डारण विस्तार गर्न योजना रहेको छ । यसका लागि अध्ययन भइरहेको छ ।

(बाँकी पृष्ठ २ मा)

### कहा कति भण्डारण क्षमता (किलोलिटरमा)

- विराटनगर ११९२०
- जनकपुर २४०
- अमलेखगन्ज २३२३०
- थानकोट २२७८०
- पोखरा ३४५४
- भैरहवा ३६४५
- नेपालगन्ज ३५३०
- धनगढी २५५०
- भद्रपुर ५४
- मन्थली २७

*स्रोत: नेपाल आयल निगम*

# अर्थ समितिबाट चुनौतीपूर्ण शर्तसहित प्रतिवेदन पारित

**कारोबार संवाददता**

काठमाडौं, २८असार

संघीय संसद्को अर्थ समितिले मुद्रा तथा पुँजीबजार अध्ययन उपसमितिको अध्ययन प्रतिवेदन पारित गरेको छ । समितिले वाणिज्य बैंकले चुनौतीपूर्ण शर्त पूरा गरेपछि मात्र सहायक कम्पनीमार्फत धितोपत्र ब्रोकर लाइसेन्स दिनसकिने जनाएको छ ।

प्रतिवेदनले धितोपत्रको दोस्रो बजारमा बैंक तथा वित्तीय संस्थाको बाहुल्यता भएकाले भित्री कारोबारको पनि उत्तिकै जोखिम रहेको औंल्याएको छ । बैंकको सहायक कम्पनीलाई धितोपत्र ब्रोकरको अनुमति दिँदा यो समस्या समाधान गरेरमात्र दिनु उपयुक्त हुने प्रतिवेदनमा उल्लेख छ । भित्री कारोबारसँगै बैंकलाई ब्रोकर लाइसेन्स दिनुअघि अन्य ११ शर्त समेत पूरा गरेपछि वाणिज्य बैंकलाई ब्रोकर लाइसेन्स दिन सकिने निष्कर्षसहितको प्रतिवेदन अर्थ समितिले पारित गरेको हो ।

अध्ययन उपसमितिले दिएको प्रतिवेदनमाथि अर्थ समितिमा छलफल गरी समितिका सदस्यहरूले दिएको सुझावलाई समेत समावेश गरी अन्तिम रूप दिइएको हो । सो प्रतिवेदन कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंक र धितोपत्र बोर्डलाई समितिले निर्देशन दिनेछ ।




नेपालको धितोपत्र बजारमा सूचीकृत सेयरमध्ये बैंक तथा वित्तीय संस्थाहरूको करिव ७५ प्रतिशत हिस्सा रहेको छ । रियल सेक्टरका कम्पनीको उपस्थिति अत्यन्त न्यून रहेको छ । छिमेकी राष्ट्रको पुँजी बजारको सन्दर्भमा श्रीलंका २६, बंगलादेश २६ र भारतमा २३ प्रतिशत हिस्सा वित्तीय क्षेत्रको रहेको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनले उठाएका ११ सवालहरूको सम्बोधन नभइ लगानीकर्ताहरूको लगानी सुरक्षित हुने र पूँजीबजारको अवस्थामा वृद्धि र विस्तार हुने वातावरण सिर्जना भएपछि अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, नेप्सेलगायत निकायहरूले आवश्यक तयारी गरी वाणिज्य बैंकका सहायक कम्पनीहरूलाई धितोपत्र दलाल व्यवसायी अनुमतिपत्र दिने निर्णय गर्न उचित देखिने निष्कर्ष प्रतिवेदनमा छ ।

(बाँकी पृष्ठ २ मा)



# तीनै तहबीच समन्वय नहुँदा विकास योजना अलपत्र

देवराज गुरुङ

ताप्लेजुङ, २८ असार




जिल्ला समन्वय समिति ताप्लेजुङले चालू आर्थिक वर्ष २०७६/०७७ मा ७४ लाख ४४ हजार ९ सय एक रुपैयाँ खर्च गरेको छ । चौथो जिल्ला सभामा पेश गरिएको प्रतिवेदनअनुसार २ करोड ७५ लाख १३ हजार ७ सय ४० रुपैयाँ मौज्दात छ । असार २४ गतेसम्म ३ करोड ४९ लाख ५८ हजार ६ सय ४१ रुपैयाँ मौज्दात कायम भएकामध्ये खर्च र मौज्दात रकम प्रतिवेदनमा समावेश गरिएको छ।

यसैबीच संघ तथा प्रदेश सरकारबाट सञ्चालन हुने योजना स्थानीय तह तथा जिसससँग समन्वय हुनुपर्ने खाँचो औल्याइएको छ । कार्यकर्ता र सांसदबीच (प्रदेश र संघ) पहुँचका आधारमा छनौट गरिने योजना स्वीकृत गर्न स्थानीय तह बाध्य नहुने भन्दै सजग गराएको छ । तीनै तहबीच काममा तालमेल हुनुपर्नेमा जोड दिएको छ।

जिससले प्रस्तुत गरेको प्रतिवेदनमा अनुगमन तथा समन्वय गर्नुपर्ने योजना तथा कार्यक्रमहरुको संख्या धेरै र भौगोलिक क्षेत्र ठूलो भएकाले समस्या भएको उल्लेख छ।

आयोजना छनौट तथा स्वीकृति र सञ्चालन प्रक्रियामा हुने ढिलाइले असार मसान्तमा व्यस्तता बढ्ने र प्रभावकारी अनुगमनको साटो कमजोर अनुगमनले पारदर्शीता र गुणस्तरीयतामा प्रश्न उब्जिएको छ । वित्तीय श्रोतको कमि, विशेषज्ञ कर्मचारीको अभाव र भएका कर्मचारीको फेरबदलले समस्या थपिएको जनाएको छ।

जिससले गरेका निर्णयहरु अनुमोदन र स्वीकृतिका लागि सभामा पेश गरिएका ५ वटा प्रस्तावमध्ये जिससको नाममा रहेको मे १ भ ३६९ नम्बरको गाडी फक्ताङलुङ गाउँपालिकालाई हस्तान्तरण गर्ने निर्णय अनुमोदन गरेको छ । जिससका अधिकृतको क्वाटर मर्मत तथा भ्रमण वर्ष २०२० मा हेलिप्याडमा निर्माण गरिएको प्रवेशद्वारा र लोगोवापतको १ लाख ८४ हजार ७ सय ६५ रुपैयाँ खर्च अनुमोदन गरेको छ । जिससको नाममा रहेको फुङलिङ नगरपालिका-४ स्थित जमीपोखरी छेउको जग्गामा घेराबारा तथा जिससको बैठक हलका लागि भएको ९ लाख ८४ हजार खर्च अनुमोदन गरेको छ।

साविक जिल्ला विकास समितिको नाममा रहेको बेरुजु फस्र्छ्यौटका लागि जिससको मौज्दात कोषबाट ५ लाख रुपैयाँ खर्च गर्ने भएको छ । बेरुजु रकम थाहा पाउनका लागि भने महालेखा परीक्षक कार्यालयमा जानुपर्ने अवस्था छ । जिसस समन्वय अधिकारी उपेन्द्रबहादुर ढुङ्गानाका अनुसार बेरुजु रकम कति छ भन्ने विवरण नभएकाले पुराना तथा अनुभवी कर्मचारी करारमा राख्नुपर्नेमा खाँचो छ।

सभामा सहभागी सिरीजंगा गाउँपालिका अध्यक्ष टीकाराम गुरुङले प्रदेश र संघ सरकारबाट बजेट र आयोजना बेलैमा स्वीकृत हुनुपर्नेमा जोड दिए।

कतिपय योजना र बजेट असारमा स्वीकृत हुने परम्परा अन्त्य हुनुपर्छ। नागरिकबाट उठेको करलाई सरकारले विकास योजनामा वितरण गर्ने सामान्य विषयलाई समेत मेरो पहलमा सम्भव भएको भन्ने प्रचारप्रति अध्यक्ष गुरुङले गुनासो गरेका छन् । अध्यक्ष गुरुङले भने, “प्राप्त बजेटलाई पारदर्शी रुपमा सदुपयोग गर्नु साझा दायित्व हो । तर, मेरो कारणले मात्र बजेट आयो भन्ने शब्द प्रयोग गर्नु उपयुक्त होइन ।” फुङलिङ नगरपालिका उपप्रमुख बमबहादुर भटराई ताराले प्रदेश तथा संघका कतिपय योजना स्थानीय तहलाई जानकारी नै हुँदैन् । अब सञ्चालन हुने योजनाबारे सम्बन्धित स्थानीय तहलाई औपचारिक जानकारी हुनुपर्नेमा उपप्रमुख भटराईले माग गरे।

सभामा प्रदेश सांसद होमकुमारी साँवाले स्थानीय तहका बासिन्दाले माग गरेकै आधारमा योजना स्वीकृत गरी बजेट विनियोजन गरेको दावी गरिन्।

नगरप्रमुख छत्रपति प्याकुरेलले जिसस तथा प्रदेश सरकारले नगरसरकारसँग समन्वय नगरेको भन्दै असन्तुष्टि प्रकट गरे । प्याकुरेलले भने, “नगर सरकारलाई नै थाहा नदिई जिससले बहप्राविधिक शिक्षालयबारे कसरी निर्णय गऱ्यो ? जिसस र प्रदेशले स्थानीय तहसँग समन्वय र सहकार्य गर्नुपर्दैन र !” बेलैमा समन्वय गरेको भए बहुप्राविधिक शिक्षालयका लागि जिल्ला स्वास्थ्य कार्यालयमा चालू आ.व.२०७६/०७७ मा प्राप्त १ करोड रुपैयाँ फ्रिज नहुने नगरप्रमुखको तर्क थियो । नगरप्रमुख प्याकुरेलले सञ्चारमाध्यममा पत्रकारले नगरसरकारको ४५ लाख भ्रमण खर्च र २४ लाख इन्धनको विषयमा अनिमियतता भएको हल्ला गरेको भन्दै असन्तुष्टि प्रकट गरे।

प्रदेश सांसद बलबहादुर साम्सोहाङले प्रदेश १ का १४ वटै जिससलाई १० लाखको दरले बजेट विनियोजन गर्ने प्रदेश सरकारले तयारी गरेको जानकारी दिए । यद्यपी प्रदेश सरकारबाट स्वीकृत बजेट र आयोजना प्रभावकारी बनाउन प्रदेश मातहत कार्यसम्पादन गर्नेगरिको संरचना बनाउनुपर्ने प्रदेश सरकाले खाँचो औल्याएको छ।

# मौद्रिक नीति पुनर्कर्जा व्यवस्थापन र रोजगारीमा केन्द्रित हुनुपर्छ



**पुनर्कर्जा व्यवस्थापन र रोजगारी सिर्जनामा ध्यान दिएर मौद्रिक नीति ल्याउँछौं ।**

**- डा. गुणाकर भट्ट**
*प्रवक्ता नेपाल राष्ट्र बैंक*



**अबको तरलता व्यवस्थापनका लागि मौद्रिक नीतिले भूमिका खेल्नुपर्छ ।**

**- शेखर गोल्छा**
*वष्टि उपाध्यक्ष, नेउवमहासंघ*



**मौद्रिक नीति क्षणिक अवस्थालाई भन्दापनि दीर्घकालीन अवस्था हेरेर आउनुपर्छ ।**

**- ज्ञानेन्द्र ढुंगाना**
*पूर्वअध्यक्ष, नेपाल बैंकर्स एशोसिएन*



**आम व्यवसायीका लागि मौद्रिक नीतिमा ब्याजदरको कुरा सम्बोधन हुनुपर्छ ।**

**- राजेन्द्र मल्ल**
*वरिष्ठ उपाध्यक्ष, नेपाल चेम्बर अफ कमर्स*

कारोबार संवाददाता

काठमाडौं, २८ असार

नेपाल राष्ट्र बैंकका प्रवक्ता तथा कार्यकारी निर्देशक डा. गुणाकर भट्टले कोभिड-१९ का कारण प्रभावित निजी क्षेत्रको समस्या समाधान गर्दै पुनर्कर्जा व्यवस्थापन र रोजगारी सिर्जनामा ध्यान दिएर मौद्रिक नीति ल्याउने तयारी गरेको बताएका छन्।

आइतबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा प्रवक्ता भट्टले सबै क्षेत्रका विज्ञहरुको सुझाव लिने काम भइसकेको जनाए। “सरकारले ल्याएको बजेट कार्यान्वयनमा सहयोग पुग्नेगरी नै मौद्रिक नीति आउँछ, यसले सबै क्षेत्रको सुझावहरु समेट्ने कोसिस गरेको छ।”

कोभिड-१९ कारण आर्थिक वृद्धिदरको गतिमा ब्रेक लागेको र आपूर्ति श्रृंखलासमेत अवरुद्ध भइरहेको परिस्थिति सुनाउँदै उनले अब आउने मौद्रिक नीतिले आर्थिक पुनरुत्थान गर्ने विश्वास दिलाए। उनले भने, “मौद्रिक नीतिमा आर्थिक पुनरुत्थानमै जोड छ । अधिकतम लचिलो नीति ल्याउनेगरी हामी छलफलमा छौं।”

मौद्रिक नीतिले कोभिडबाट प्रभावित क्षेत्रलाई चाँडो सञ्चालन गर्न मद्दत पुऱ्याउने, वित्तीय साधनलाई प्राथमिकीकरण गर्ने, डिजिटलाइजेशनमा जोड दिइने, संस्थागत सुशासनमा जोड दिइने उनले बताए। अहिलेको आर्थिक संकटबाट बचाउनका लागि मौद्रिक नीतिले आधार दिने उनको भनाई छ। बैंकहरुको कर्जा प्रवाह हुन नसकेका कारण बजारमा तरलता अधिक रहेको साथै बजेटमै व्यवस्था गरिएको पुनर्कर्जा कोषको सही परिचालन र आर्थिक पुनरुत्थानका लागि पनि मौद्रिक नीतिकेन्द्रित हुने उनले स्पष्ट पारे।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले यो वर्षको मौद्रिक नीति बजेटजत्तिकै महत्वपूर्ण भएकोले सबैको यसमा चासो रहेकोले सबै क्षेत्रलाई राहत मिल्नेगरी मौद्रिक नीति आउनुपर्नेमा जोड दिए।

मुलुकको अर्थतन्त्र उकास्न र निजी क्षेत्रलाई समेत माथि उकास्नका लागि मौद्रिक नीति व्यवहारिक आउनेमा आफू आशावादी रहेको गोल्छाको भनाई छ। उनले कोभिड-१९ का कारण स्वदेशमा झण्डै पाँच लाख युवाहरु विस्थापित भएको र सोभन्दा ठूलो संख्यामा विस्थापित भई बाहिरबाट युवाहरु आउने रहेको बताउँदै उनीहरुलाई व्यवस्थापन गर्न चुनौती रहेको बताए। “यो चुनौतीलाई पनि सम्बोधन गर्नेगरी मौद्रिक नीति आउनुपर्छ।” उनले भने।

उनले अबको तरलताको व्यवस्थापनका लागि मुख्य आशा नै मौद्रिक नीति रहेको बताए । मौद्रिक नीतिले मुख्यतः पुनर्कर्जा, ब्याजदर र पुनसंरचनालाई जोड दिनुपर्ने बताए। उनले भने, “पुनर्कर्जाको पहिलाको स्वरुप फेर्न‘पर्छ।’ गोल्छाले आगामी मौद्रिक नीतिमा तरलता व्यवस्थापन र श्रमिक व्यवस्थापनका लागि विशेष ध्यान दिइनुपर्ने सुझाव दिए । ब्याजलाई पुँजीकृत गर्नुपर्ने उनको तर्क छ । उनले भने, “त्यही धितोमा २० प्रतिशत एक्स्ट्रा क्रेडिट दिनुपर्छ।”

उनले यो वर्ष पैसा कमाउने वर्ष नभएको भन्दै सबैले सर्भाइभ हुनेगरी नीति आउनुपर्नेमा जोड दिए। उनले भने, “हामी उठ्न सक्छौं। राष्ट्र बैंकले अलिकति सहयोग गर्नुपर्छ । अहिले सबैले आफ्नो प्रोफिट छोडेर अर्थतन्त्रलाई जोगाउने काम गरौं। यसो गरियो भने समस्याको निदान हुन्छ।”

उनले यसअघि पुनर्कर्जा ठूला व्यवसायीलाई मात्रै दिइने गरिएको सुनाउँदै यो वर्ष ‘स्टिमुलेशन प्याकेज’ आउनुपर्ने र यसबाट साना, मझौला र ठूला सबैले लाभ लिनुपर्ने बताए।

नेपाल बैंकर्स एशोसिएनका पूर्व अध्यक्ष तथा नेपाल बंगलादेश बैंकका सिईओ ज्ञानेन्द्र ढुंगानाले यो वर्षको बजेटमा आम जनताले अधिकतम राहतको आशा राखेको भएपनि केही राहत आएको तर जनताका अपेक्षा पूरा नभएको स्पष्ट पारे । अहिले सम्पूर्ण क्षेत्रको ध्यान नेपाल राष्ट्र बैंकतर्फ रहेको उनले सुनाए। उनले भने, “म यो मौद्रिक नीतिमा धेरै अपेक्षा राख्दिन् । यसले कोभिड-१९ र बाढी, पहिरोले पारेको समस्यालाई पक्कै सम्बोधन गर्नेछ।”

बैंकको ब्याजदर कम गर्नलाई आफूहरु प्रयासरत रहेको पनि उनको भनाई छ। उनले भने, “१५/१६ प्रतिशतको ब्याजदरलाई १२ प्रतिशतमा ल्याऔं । हामी यसलाई सिंगल डिजिटमा ल्याउने कोशिष गर्दैछौं ।” उनले राज्यले अति प्रभावित क्षेत्रलाई सुविधा दिनुपर्नेमा जोड दिए । “अहिले बाँच्ने र बचाउने बेला हो । मौद्रिक नीति क्षणिक अवस्थालाई भन्दापनि दीर्घकालिन अवस्था हेरेर आउनुपर्छ।” उनले भने।

उनले उद्योगी, व्यवसायी, व्यापारी, बैंकर्सलगायत सबै क्षेत्रका सरोकारवालाहरुले केही अपेक्षा गर्न‘ स्वभाविक भएपनि मौद्रिक नीतिका केही आफ्नै सीमाहरु हुने तर्क गरे । कोभिडबाट सबैभन्दा बढी, मध्यम र कम प्रभावित गरी ३ भागमा वर्गिकरण गरेर ऋणको किस्ता तिर्ने विषयमा केही न केही समय थप हुने उनले विश्वास दिलाए।

उनले भने, “कर्जाको ब्याजदर घटाउँदा निक्षेपको ब्याजदर पनि घटाउनु नै पर्नेहुन्छ । यसरी बैंकहरुले कर्जाको ब्याजदर घटाउँदा हाम्रो अर्थतन्त्रलाई नै नकारात्मक असर गर्छ।”

नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष राजेन्द्र मल्लले अहिले राष्ट्र विषम परिस्थितिबाट गुज्रिरहेकोले राष्ट्र बैंकले ल्याउने मौद्रिक नीति विगतभन्दा फरक आउनुपर्नेमा जोड दिए। उनले नेपालको अर्थतन्त्र उत्पादनमुखी र निर्यातमुखी बन्नुपर्नेमा जोड दिए। उनले १५० अर्बको ‘स्टिमुलस प्याकेज’ लागू हुनुपर्ने पनि बताए। उनले भने, “यो बजेटमा घोषणा भएको छ। तर, कार्यान्वयन भएको छैन्। अब आउने मौद्रिक नीतिले सम्बोधन गर्छ होला । मौद्रिक नीति असारमै आउनुपर्दथ्यो।”

उनले आम व्यवसायीको लागि मौद्रिक नीतिमा ब्याजदरको कुरा सम्बोधन हुनुपर्ने बताए । उनले अहिले राष्ट्र नै विषम परिस्थितिबाट गुज्रिरहेकोले समग्र क्षेत्र एक भएर अघि बढ्नुपर्नेमा जोड दिए। उनले भने, “एकले अर्कोलाई सहयोग गर्नुपर्छ । अब आउने मौद्रिक नीतिले तल्लो तहसम्म यसको अनुभुति हुन सकोस।” उनले सरकारी र निजी क्षेत्र मिलेर अघि बढे अहिलेको संकटबाट पार पाउन सकिने बताए।

“हाम्रो देशमा काम गर्ने शक्ति एशियामै बढी भएको देश हो। सबै एक भएर अघि बढ्नुपर्छ। सरकारले ल्याउने मौद्रिक नीति तल्लो तहका जनताले महशुस गर्न सक्नुपर्छ।” उनले भने।

# पर्यटन रोयल्टीको २१ करोड अलपत्र




सोलुखुम्बु, २८ असार (कास): सोलुखुम्बुमा तत्कालीन जिल्ला विकास समितिलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले पठाएको करिब २१ करोड रुपैयाँ चार वर्षदेखि थन्किएको छ। कार्यविधिको अभाव र सरकारले जिल्ला समन्वय समितिलाई खर्च गर्ने अधिकार नदिँदा पर्यटन रोयल्टी बापतको करिब २१ करोड ४ वर्षदेखि थन्किएको हो ।

सोलुखुम्बुले आर्थिक वर्ष २०७२/०७३ मा रोयल्टी बापत ४० करोड भन्दा बढी बजेट पाएको थियो । जसमध्ये तत्कालीन जिविसले आधाभन्दा बढी रकमपनि खर्च गरेको थिएन।

पर्यटन रोयल्टी बापत जिल्लालाई प्राप्त करोडौं रोयल्टी खर्चविहीन बनेर जिल्ला समन्वय समितिको खातामा थन्किएको हो ।

तत्कालीन जिल्ला विकास समितिले विभिन्न विकासका योजनामा रोयल्टीको रकम विनियोजन गरेर खर्च गर्दै आएको थियो ।

जिल्ला समन्वय समिति सोलुखुम्बुका प्रमुख वीरकुमार राईका अनुसार यस वर्ष पर्यटन मन्त्रालयले उक्त बजेट खर्च गर्ने कार्याविधि पठाएकाले कार्यविधिका आधारमा बजेट बाडँफाड गर्ने बताए।

स्थानीय सरकार प्रमुखसँगको छलफलपछि रोयल्टी गाउँपालिका तथा वडाको प्रशासनिक भवन निर्माणमा खर्च गरिने राईको भनाई छ। सगरमाथालगायतका हिमालको दस्तुर बापत जिल्लाले पाएको पर्यटन रोयल्टी संघीय संरचना कार्यान्वयनपश्चात् खर्च गर्ने विधिको अन्योलताका कारण खातामा थन्किएको जनाइएको छ।

# जमिन बाँझो नराख्ने कर्णाली प्रदेश सरकारको नीति

सागर परियार

जुम्ला, २८ असार



तातोपानी गाउँपालिका २ जर्मीका हर्केश दमाई यतिबेला बाँझो जगाा खनजोतमा जुटेका छन् । विगतका वर्षमा कालापहाड गएरै परिवारको खर्च चलाउने उनी यस वर्ष बाबु बाजेले बाँझै छोडेको जमिनलाई उपभोग गर्न खनजोतमा जुटेका हुन् । कर्णालीमा बाँझो जमिन नराख्ने प्रदेश सरकारको नीति अनुसार खनजोतका लागि निवेदन आह्वान गर्दा छनौटमा परेपछि हर्केश दमाई आजभोली बाँझो जोत्नमै व्यस्त छन् ।

त्यस्तै गोविन्द दमाई पनि विगतमा कालापहाड गएरै छोराछोरीको पढाई र खर्च जुटाउँथे । उनी कालापहाड जान छोडेको २ वर्ष भयो । तर उनी पनि यसपाली बाँझो रहेको जमिन खनजोतमा जुटेका छन् । उनले भने, “बाँझो जग्गा जातेर रैथाने उत्पादन गर्ने सोचमा थिए । तर सरकारले नै बाँझो जग्गा राख्न नपाइने नीति ल्याएर खनजोतका लागि छनौटमा पर्दा झनै उर्जा मिल्यो ।” कर्णाली सरकारको कृषि मन्त्रालयले खाद्य सुरक्षा उत्पादन विशेष कार्यक्रम (बाँझो जगा खनजोत) गर्न १७ लाख ७० हजार बजेट पठाएको छ । एकीकृत खेती गरी उत्पादन बढाउन उन्नत बीउ समेत दिने भएकाले सबै बाँझो जोत्न करिब १५/२० जना लगाएर बाँझो खन्न थालेको वीर दमाइले बताए ।

करिब एक हेक्टर बाँझो जमिनलाई खनेर एकीकृत खेती गर्ने तयारी छ । अधिकांश योजनाबाट लाभान्वित नहुने तातोपानी गाउँपालिका २ का विपन्न दलित किसानले पहिलो पटक बाँझो जगा खनजोत कार्यक्रम पाउँदा खुसीले पनि काम गरिरहेका छन् ।

कर्णाली राजमार्ग सञ्चालनमा आएसँगै घरआँगनमै खाद्यन्न आउन थालेपछि जग्गा जोत्न छाडेको थियो । हर्केशले भने, “अहिले सरकारले बाँझो जमिन नराख्ने नीति ल्याएपछि हामी भरपुर उपयोग गर्न थालेका छौं । बाँझो रहेको जमिनमा गह्रा सुधार गरेर खेतिपाति गर्न उत्पादन वृद्धि गरी परनिर्भतालाई अन्त्य गर्ने समेत उनको भनाई छ ।”

बाँझो जग्गा उपयोग नहुँदा कोरोना जस्तै धेरै संकट परेका बेला खाद्यन्न अभाव झेल्नु परिरहेको छ । साथै आवश्यक पोसिलो पदार्थ प्राप्त गर्न नसकिने भएकोले रैथाने बालीको उत्पादनका लागि बाँझो जग्गा खन्न थालिएको हो । गाउँमा बेथै समय बिताएका युवायुवतीले पनि रोजगारी पाएका छन् ।

## एकीकृत कृषि गरिँदै

भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालय कर्णाली प्रदेश र तातोपानी गाउँपालिकाको समन्वयनमा बाँझो जग्गा खनजोत कार्यक्रम सुरु भएको हो । तातोपानी गाउँपालिका कृषि शाखा संयोजक धर्मराज आर्चायले भने, “पालिकाभरीबाट परेका २२ निवेदन माथि स्थलगत अनुगन गर्दा १८ समूह मात्रै बाँझो खनजोतका लागि छनौट गरिएको हो ।

गाउँमा पुगेर बाँझो जग्गा जोत्न प्रेरित गरेपछि किसान बाँझो जग्गा उपयोग गर्न जुटेको उनकको भनाई छ । बाँझो जग्गा खनेर यहाँको अनुकुलता र मौसम अनुसारको बाली लगाउन सकिने छ । यसका लागि जम्मा १७ लाख ७० हजार बजेट आएको छ ।

बाँझो जगाको क्षेत्रफल र कामदारको जिल्ला दररेटको आधारमा १८ वटै समूहलाई बजेट दिने सम्झौता भएको प्रमुख आर्चायको भनाई छ । खनजोत भए लगत्तै कोदो पापर, चिनो कागुनो, मकैं, सिमिको उन्नत बिउ वितरण गरी खेती गरिने तयारी रहेको कृषि संयोजक आर्चायले बताए ।

किसानको आम्दानी बढ्ने र रैथाने बालीको संरक्षण हुने निश्चित छ । गाउँमा धमाधम बाँझो जग्गा जोत्न थालेपछि स्वदेश तथा विदेशबाट फर्किएकाहरुले रोजगारी पाएको अनुभूति गरेका छन् । सामूहिक खेती प्रणलीको विकास र साझेदारीमा काम गर्न सजिलो भएको स्थानीय युवा मुकेश परियार बताउँछ ।

उता हिका गाउँपालिका पनि ५ लाखको लागतमा बाँझो जगाा खनेजात कार्यक्रम सुरु गरिएको छ । यसअघि तिला गाउँपालिका ६ घोडेगाउमा पनि बाँझो जगा खनेर व्यवसायिक फापर खेती भएको थियो । यसपाली तातोपानी गाउँपालिकामा १८ समूहबाट करिब एकजना भन्दा बढीले आफ्ना बाँझो जग्गा खनजोत गर्दै छन् ।

## कसैले बाँझो राख्न पाउनन्

तातोपानी गाउँपालिका अध्यक्ष नवराज न्यौपाने स्थानीय सरकारले पनि बाँझो जग्गाको उपयोग गर्ने नीति लिइएको बताउँछन् । उनले भने, “अब कसैले पनि जग्गा बाँझो राख्न पाउने छैनन् । बरु बाँझो जग्गा खनेर खेती गर्नेलाई हौसला र उत्प्रेरणा दिने काम स्थानीय सरकारले गर्ने छ । थप अनुदानदेखि उन्नत जातको बिउ पनि दिन्छौ, तर किसानले बाँझो खनेर व्यवसायिक खेती गरी उत्पादन बढाउनुपर्नेमा जोड दिए ।

तातोपानी गाउँपालिकाले आगामी आवका लागि कृषिमा विनियेजन गरेको १ करोड बजेट व्यवसायिक कृषिमा मात्र लगानी गर्ने उपाध्यक्ष गंगादेवी उपाध्ययाले बताइन् । साथै कर्णाली प्रदेश सरकारले पनि बाँझो जग्गा खनेर खेती गर्ने किसानलाई प्रोत्साहन दिने कार्यक्रम ल्याएको छ । कर्णाली भरी बाँझो जगा खनजोत कार्यक्रम सुरु भएको छ । सरकारी तथ्यांक अनुसार जुम्लामा १४ हजार र कर्णालीमा भरी ८२ हजार हेक्टर जमिन अहिले पनि बाँझै रहेको छ ।

# १५ दिन नबित्दै फेरि देखियो सलह



अमरराज आचार्य

दाङ, २८ असार

जिल्लाको देउखुरी क्षेत्रमा आइतबार फेरि सलह प्रवेश गरेको छ। यसअघि असार १६ गते र १७ गते जिल्लामा सलह देखिएको थियो। दोस्रो पटक जिल्लामा सलह प्रवेश गरेसँगै कृषकहरु चिन्तित भएका छन् । भखरै रोपिएको धानमा क्षति पुऱ्याउने होकि भन्ने चिन्ता उनीहरुमा रहेको छ। भित्र्याउने बेला भएको मकै, तथा तरकारी बालीमा समेत क्षति पुऱ्याउने चिन्तामा कृषकहरु रहेका छन् । आइतबार दाङमा आएको सलह यसअघि आएको भन्दा ठूलो संख्यामा रहेको राप्ती गाउँपालिका कृषि शाखा प्रमुख महेश अधिकारीले जानकारी दिए । राप्ती गाउँपालिकामा दिउँसो सलह देखा परेको उनको भनाइ छ। “बसेको खबर आएको छ के कति क्षति गरेको भन्ने तथ्यांक संकलन गर्ने काम भइ रहेको छ।” प्रमुख अधिकारीले भने।

गाउँपालिकाको अधिकाश स्थानमा बसेको स्थानीयहरुले आफूहरुलाई जानकारी गराएको उनले बताए । राप्ती गाउँपालिकाबाट उतर तथा पूर्वीतिर लागेको उनले बताए । जिल्लाको दक्षिणतर्फ सिमाना भारतबाट सलह प्रवेश गरेको कृषि ज्ञान केन्द्रका प्रमुख सन्देश धितालले जानकारी दिए। उनले राप्ती गाउँपालिका र गढवा गाउँपालिकामा सलह बसेको जानकारी आएको बताए। “सलहले के कति क्षति गरेको त्यसका बारेमा जानकारी लिने काम भइ रहेको छ।” प्रमुख धितालले भने । बसेको सलह पूर्व र उत्तरतर्फ लागको उनले बताए

यसअघि स्थानीयको सक्रियताले सलहले बालीमा धेरै क्षति हुनबाट जोगिएको थियो । सलहबाट बाली जोगाउन स्थानीयहरुले उत्सापूर्ण पूर्णरुपमा काम गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ। सहलबाट बाली जोगाउन स्थानीयले मकै बाली तथा धानको ब्याड राखेको स्थानमा धुवाँ बनाउने, भाँडा बजाएर ध्वनी निकाल्ने, सलह समाउने जस्ता कार्य गरेका थिए। बजार क्षेत्रबाट मानिसहरु सलह समाउन गाउँ गाउँसम्म पुगेका थिए । यसरी समाएर ल्याएको सलह भुटेर समेत खाएका थिए । यसअघि आएको सलह जिल्लामा ५ सय ९० हेक्टरमा सलह बसेको प्रमुख धितालले बताए। घोराही, शान्तिनगर, तुल्सीपुर तथा देउखुरी क्षेत्रमा सहल बसेको ज्ञान केन्द्रले जनाएको छ। धेरै सलह मकै मा बसेको पाइएको उनको भनाइ रहेको छ । त्यसै गरेर तरकारी बाली, फलफूल, धानमा समेत बसेको स्थानीयहरुले जानकारी दिएको ज्ञान केन्द्रले जनाएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभरका सबै स्थानीय तहहरुलाई परिपत्र पठाइ सलह किरा व्यवस्थापन गर्ने भनेको थियो । तर, जिल्लाका स्थानीय तहहरुमा त्यस अनुसार तयारी भने देखिएको छैन।

## सम्पादकीय

कारोबार | वर्ष ११ | अंक १८१ | राष्ट्रिय संस्करण | नेपाल संवत् ११४०

प्राधिरकण खण्डीकरण भएपछि अस्तित्व नै नरहने हो कि भन्ने चिन्ता यसका पूर्व प्रशासकहरूमा रहनु स्वाभाविक भए पनि समयको मागलाई सम्बोधन गर्नैपर्छ ।

# प्राधिकरणको भविष्य

नेपालमा जलविद्युत्को चर्चा गर्नेबित्तिकै सँगै जोडिएर आउने नाम हो, नेपाल विद्युत् प्राधिकरण । मुलुकको ऊर्जा क्षेत्रको एक्लो बाघ मनिएको विद्युत् प्राधिकरण पूर्ण सरकारी संस्थान भए पनि यसले निजी क्षेत्रसँग पनि प्रत्यक्ष सरोकार राख्दछ। निजी उत्पादकले उत्पादन गरेको ऊर्जा खरिद गर्ने र आफैं पनि ऊर्जा उत्पादन गर्नेमात्र नभइ वितरणका क्षेत्रमा एकाधिकार रहेको यस संस्थानका गतिविधिका विषयमा चासो रहनु स्वाभाविक पनि छ। पछिल्लो समय प्राधिकरणको खण्डीकरणसम्बन्धी विषयले यस क्षेत्रको चर्चा बढाएको छ र मुलुककै दीर्घकालीन विकासको रणनीतिक क्षेत्रको सबैभन्दा शक्तिशाली संस्थामाथिको चासो र चर्चालाई स्वाभाविक रूपमा हेरिनु आवश्यक पनि छ।

ऐतिहासिक पृष्ठभूमि हेर्ने हो भने प्राधिकरणको स्थापना तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शमशेरले सन् १९११ अर्थात् वि.सं. १९६८ मा काठमाडौं उपत्यकामा निर्मित ५० किलोवाट क्षमताको फर्पिङ लघु जलविद्युत् परियोजना सँगै गरेका थिए । एसियाकै प्रथम जलविद्युत परियोजनाको रूपमा चिनिने यस केन्द्रबाट उत्पादित ४ सय किलोवाट विद्युत् वितरण सुव्यवस्था गर्न एउटा अड्डाको आवश्यकता महसुस गरियो । फलस्वरूप 'बिजुली अड्डा' स्थापना गरियो । फर्पिङबाट सुरू भएको बिद्युत् गृहको निर्माण र विद्युत् उत्पादन हाल तीव्र गतिमा अगाडि बढिरहेको छ । २०१९ भदौ १ मा बिजुली अड्डाको नाम फेरेर नेपाल विद्युत् कर्पोरेशन बनाइएसँगै यस क्षेत्रले आधुनिकतातर्फ पाइला अगाडि बढाइरहेको छ। संस्थानलाई आत्मनिर्भर बनाउन र विद्युत् उत्पादनमा निजी क्षेत्रको पनि लगानी प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ अन्तर्गत २०४२ साल भदौ १ गतेबाट नेपाल विद्युत् कर्पोरेसनलाई नेपाल विद्युत् प्राधिकरण बनाइएको पाइन्छ।

समयको परिवर्तनसँगै प्राधिकरणको काँधमा जिम्मेवारी थपिने क्रम जारी छ । विद्युत् माग र आपूर्ति दुवै बढेको छ भने भारतबाट हाल आयात भइरहेको विद्युत् केही वर्षमै निर्यात गर्नुपर्ने अवस्था देखिन्छ। यसकारण प्राधिकरणको पुनर्संरचना स्वाभाविक थियो र कामको प्रकृतिअनुसार यसलाई फरक कम्पनीका रूपमा अगाडि बढाइनु आवश्यक छ। सरकारको नीति र योजनाअनुसार अब प्राधिकरणले गर्दै आएको उत्पादन, वितरण, प्रसारण र इन्जिनियरिङको काम छुट्टाछुट्टै कम्पनीमार्फत हुनेछ।

प्राधिकरण खण्डीकरण भएपछि अस्तित्व नै नरहने हो कि भन्ने चिन्ता यसका पूर्व प्रशासकहरूमा रहनु स्वाभाविक भए पनि समयअनुसार आवश्यकतालाई उहाँहरूले पनि स्वीकार गर्नैपर्छ । प्राधिकरणको अहिलेको अस्तित्वले विद्यमान चुनौतीको सामना गर्न र जलविद्युत् क्षेत्रको विकास र विस्तारमा सहयोगी सिद्ध हुन सक्दैन भने पुनर्संरचनाको विकल्प पनि रहँदैन। कुलमान घिसिङ नेतृत्वमा आएपछि केही बलियो र आशालाग्दो बन्दै गए पनि प्राधिकरण संस्थागत रूपमा अझै सुधारको बाटोमा गइसकेको छैन। यसकारण विद्युत् प्राधिकरणलाई खण्डीकरण गर्ने गरी तालुक निकाय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयले संसद्मा दर्ता गरेको विद्युत् विधेयकप्रति नकारात्मक हुनु त्यति स्वाभाविक नहोला । यसर्थ, उत्पादनका लागि राष्ट्रिय उत्पादन कम्पनी, प्रसारणका लागि राष्ट्रिय प्रसारण तथा ग्रीड कम्पनी र इन्जिनियरिङका लागि प्राधिकरणकै सहायक कम्पनीको रूपमा इन्जिनियरिङ कम्पनी गठन भइसकेको सन्दर्भमा प्रस्तावित ऐनमाथि पर्याप्त छलफल गरेर चाँडोभन्दा चाँडो निचोडमा पुग्नु नै उत्तम हुन्छ।

**अवधारणा** महानगरहरूले कोभिड-१९ नियन्त्रणका लागि चालू आर्थिक वर्षमा गर्दै आएका कार्यक्रमलाई निरन्तरता दिनेबाहेक नयाँ कार्यक्रम ल्याएका छैनन् ।

# महानगरीय बजेटको स्थिति




विश्वनाथ खरेल



आर्थिक वर्ष २०७७/०७८ का लागि ६ वटै महानगरपालिकाले वार्षिक कुल बजेट ३८ अर्ब ८१ करोड ५५ लाख रुपैयाँ बजेट विनियोजन गरेका छन् । यसमा सबैभन्दा बढी बजेट काठमाडौं महानगरपालिकाको १६ अर्ब ४२ करोड ७३ लाख, ललितपुर महानगरपालिकाको ४ अर्ब ७९ करोड १५ लाख, विराटनगर महानगरपालिकाको ३ अर्ब ३७ करोड ८१ लाख, वीरगन्ज महानगरपालिकाको ३ अर्ब ८६ करोड ५१ लाख, भरतपुर महानगरपालिकाको ४ अर्ब १५ करोड ६४ लाख र पोखरा महानगरपालिकाको ६ अर्ब १९ करोड ७१ लाख वार्षिक बजेट विनियोजन गरिएको छ । यी महानगरपालिकाहरूमध्ये बजेटमा सबैभन्दा बढी काठमाडौं महानगरपालिका र सबैभन्दा कम विराटनगर महानगरपालिकाको बजेट छ।

जबकि काठमाडौं महानगरपालिकाको १६ अर्ब ४२ करोड ७३ लाख रहेको छ भने सबैभन्दा कम बजेट विराटनगर महानगरपालिकाको ३ अर्ब ३७ करोड ८१ लाख रुपैयाँ बजेट सार्वजनिक गरेको छ । त्यसै गरी आर्थिक वर्ष २०७७/०७८ मा ६ वटा महानगरपालिकाको वार्षिक कुल बजेटलाई बाँडफाँड गर्दा प्रतिशतको आधारमा अवलोकन गर्ने हो भने काठमाडौं ४२ दशमलव ३२, ललितपुर १२ दशमलव ३४, विराटनगर ८ दशमलव ७०, वीरगन्ज ९ दशमलव ९६, भरतपुर १० दशमलव ७१ र पोखरा महानगरपालिकाको १५ दशमलव ९७ प्रतिशत रहेको उल्लेखित तालिकाबाट स्पष्ट हुन्छ । मूलतः सबै प्रदेशको कुल बजेट २ खर्ब ६४ अर्ब ९ करोड रुपैयाँ छ । यसअघि सङ्घीय सरकारले १४ खर्ब ७५ अर्बको बजेट ल्याइसकेकाले सङ्घीय र प्रदेश सरकारको कुल बजेट १७ खर्ब ३९ अर्ब पुगेको छ । यसर्थ संविधानले तीनै तहका सरकारलाई तिनका अधिकार क्षेत्रका विषयमा कानुन र वार्षिक बजेट बनाउने, नीति तथा योजना तयार पार्ने र कार्यान्वयन गर्ने अधिकार दिएको छ। यहीबमोजिम संघले पछिल्लो बजेट जेठ १५ मा प्रस्तुत गरेको थियो, जुन पाससमेत भइसकेको अवस्था छ।

नेपाल सरकारको संवैधानिक प्रावधानअनुसार स्थानीय तहले असार १० भित्र वार्षिक कार्यक्रम र बजेट पेस गरिसक्नुपर्ने व्यवस्थाअनुरूप अधिकांश गाउँपालिका तथा नगरपालिकाहरूले बजेट पेस गरेका छन् । संघीय सरकारले जेठ १५ मा र प्रदेश सरकारले असार १ गते संसद् बजेट पेस गरिसकेपछि स्थानीय सरकारले पनि आफ्नो स्रोत र प्राथमिकता पहिचान गर्न सहज हुन्छ । असारभित्रै सबै नीतिगत काम सकेर साउनबाट कार्यक्रम र योजनाहरू कार्यान्वयनमा लाँदा वार्षिक लक्ष्य भेट्न सहज हुने अपेक्षा गरिएको छ । यद्यपि यसअघिका वर्षमा झैं विकासे बजेट असारमै आएर सक्ने परम्परा रोकिएको छैन । तैपनि संस्थागत विकासका दृष्टिले हेर्दा जे-जति स्थानीय तह तोकिएको समयमा बजेट ल्याउन सफल भएका छन्, त्यसबाट हाम्रा स्थानीय सरकारले पहिलो कार्यकालमै आफूलाई व्यवस्थित गर्दै लान थालेको मान्नुपर्ने हुन्छ । अर्को पक्ष बजेट ल्याइरहेका भए पनि संघीय सरकारले आवश्यक ऐनको तर्जुमा र कर्मचारी व्यवस्थापनका सम्बन्धमा गरेको ढिलासुस्तीका कारण स्थानीय सरकार प्रभावकारी बन्न नपाएको सबैले देखेकै विषय हो।

हाम्रो देश विभिन्न भौगोलिक परिवेशअनुसार प्राकृतिक स्रोत र साधनहरू फरक-फरक भएका कारणहरूले गर्दा महानगरीय बजेटमा पनि फरक हुनु स्वाभाविकै हो । चालू आर्थिक वर्ष २०७६/०७७ का लागि ६ वटै महानगरपालिकाहरूले वार्षिक कुल बजेट ४० अर्ब ६० करोड ३२ लाख रुपैयाँ बजेट विनियोजन गरेका थिए । त्यसमा सबैभन्दा बढी बजेट काठमाडौं महानगरपालिकाको १५ अर्ब ५० करोड ७० लाख, ललितपुर महानगरपालिकाको ५ अर्ब १७ करोड ९६ लाख, विराटनगर महानगरपालिकाको ४ अर्ब १३ करोड ५० लाख, वीरगन्ज महानगरपालिकाको ४ अर्ब ४८ करोड १३ लाख, भरतपुर महानगरपालिकाको ३ अर्ब ७६ करोड ३ लाख र पोखरा महानगरपालिकाको ७ अर्ब ५४ करोड वार्षिक बजेट विनियोजन गरिएको थियो । त्यसै गरी चालू आर्थिक वर्ष २०७६/०७७ को तुलनामा आगामी आर्थिक वर्ष २०७७/०७८ मा महानगरीय वार्षिक बजेटको रु. लाखमा घटीबढीमा काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका, विराटनगर महानगरपालिका, वीरगन्ज महानगरपालिका, भरतपुर महानगरपालिका र पोखरा महानगरपालिकामा क्रमशः ९२०३, -३८८१, -७५६९, -६१६२, ३९६१ र -१३४२९ लाख रुपैयाँ रहेको तालिकामा देख्न सकिन्छ। यसलाई चालू आर्थिक वर्ष र आगामी आर्थिक वर्षलाई वार्षिक बजेट घटीबढी प्रतिशतमा अध्ययन गर्ने हो भने ६ वटै महानगरपालिकाहरूको क्रमशः ५.९३, -७.४९, -१८.३०, -१३.७५, १०.५३ र -१७.८१ रहेको उल्लेखित तालिकाबाट स्पष्ट हुन्छ।

**आर्थिक वर्ष २०७७/७८ को महानगरपालिकाको बजेट (रू. लाखमा)**

| महानगरपालिका | आव ०७७/७८ महानपा कुल बजेट | आव ०७७/७८को महानपा बजेट प्रतिशत | आव ०७६/७७ महानपा कुल बजेट | आव ०७७/७८को बजेटको घटी/बढी रु. लाख | आव ०७६/७७ तुलनामा ०७७/७८ बजेटको घटी/बढी प्रतिशत |
|---|---|---|---|---|---|
| काठमाडौं | १६४२७३ | ४२.३२ | १५५०७० | ९२०३ | ५.९३ |
| ललितपुर | ४७९१५ | १२.३४ | ५१७९६ | -३८८१ | -७.४९ |
| विराटनगर | ३३७८१ | ८.७० | ४१३५० | -७५६९ | -१८.३० |
| वीरगन्ज | ३८६५१ | ९.९६ | ४४८१३ | -६१६२ | -१३.७५ |
| भरतपुर | ४१५६४ | १०.७१ | ३७६०३ | ३९६१ | १०.५३ |
| पोखरा | ६१९७१ | १५.९७ | ७५४०० | -१३४२९ | -१७.८१ |
| जम्मा | ३८८१५५ | १०० | ४०६०३२ | -१७८७७ | -६.८२ |

*स्रोत : विभिन्न पत्रपत्रिका*

मुलुकमा विद्यमान ७ सय ५३ स्थानीय तहहरूले आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट प्रस्तुत गरेका छन् । यसरी अधिकांश महानगरपालिका तथा उपमहानगरपालिकाहरू, नगरपालिकाहरू, गाउँपालिकाहरूले पूर्वाधार विकासका साथै कोरोना महामारीबाट नगरवासीमा पर्न गएको असर न्यूनीकरणका लागि घरबहाल कर र व्यवसाय करमा विशेष सहुलियतको घोषणा गरेका छन् । कोरोना महामारीकै कारण स्रोतमा पनि प्रतिकूल असर परेकाले महानगरपालिका चालू आर्थिक वर्षभन्दा घटी बजेट प्रस्तुत गरेका छ । अतः सहरी क्षेत्रमा दिनभरि श्रम गरेर बेलुकीको छाक टार्ने वर्ग महामारी र लकडाउनबाट विस्थापित भएको छ । तर, त्यसलाई महानगरको बजेटले छोएको छैन । यसैक्रममा महानगरहरूले कोभिड-१९ नियन्त्रणका लागि चालू आर्थिक वर्षमा गर्दै आएका कार्यक्रमलाई निरन्तरता दिनेबाहेक नयाँ कार्यक्रम ल्याएका छैनन्।

समग्रमा भन्नुपर्दा देशका विभिन्न ६ वटा महानगरपालिकाले करिब ३९ अर्बको बजेट प्रस्तुत गरेका छन् । मूलतः देशका ६ वटै महानगरले आगामी आर्थिक वर्षका लागि पूर्वाधार, स्वास्थ्य र शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट सार्वजनिक गरेका छन् । यसमा कोरोना महामारी र संक्रमण फैलिन नदिन सरकारले गरेको लकडाउनका बीच महानगरहरूले आर्थिक वर्ष २०७७/०७८ का लागि नीति कार्यक्रम र बजेट ल्याएका हुन्। यसर्थ सबैभन्दा धेरै जनसंख्या भएको काठमाडौं महानगरको बजेट ९२ करोड ३ लाखले बजेट बढेको छ। तर, ललितपुर, वीरगन्ज, विराटनगर र पोखरा महानगरको बजेट घटेको छ। त्यसैगरी भरतपुर महानगरले पनि चालू आर्थिक वर्षको भन्दा ३९ करोड ६१ लाखले बढी बजेट प्रस्तुत गरेको छ।

कोरोनाका कारण महानगरहरूको चालू आर्थिक वर्षको आम्दानी, खर्च र विकासका कार्यक्रम मात्रै प्रभावित भएका छैनन्, आगामी वर्षको आन्तरिक आय र बजेटसमेत प्रभावित भएको छ। यसरी सरसर्ती हेर्ने हो भने ६ वटै महानगरको बजेट पुरानै ढाँचामा आएको छ। देशका ठूला सहर रहेका महानगरले बजेटमा नयाँ आशा जगाउने खालका योजना अघि सार्न सकेका छैनन् । चालू वर्षमा बजेट विनियोजन भएर पनि कोरोनाका कारण खर्च हुन नसकेका योजनाले निरन्तरता पाएका छन् । सबै महानगरले पूर्वाधार विकासका योजनालाई प्राथमिकताका साथ बजेट छुट्याएका छन्।

गत वर्षभन्दा यस वर्ष स्वास्थ्य क्षेत्रको बजेट बढेको छ । कोरोना महामारी र संक्रमण फैलिन नदिन सरकारले गरेको लकडाउनका कारण देशका मुख्य-मुख्य सहरहरू नै बढी प्रभावित भएका छन् । संघीय सरकारले राहत र पुनःस्थापनाका काममा स्थानीय तहले लगानी गर्ने भने पनि महानगरहरूले कोरोना महामारी र त्यसबाट प्रभावितका लागि नयाँ कार्यक्रम पनि ल्याएका छैनन्।

## कारोबार सञ्जाल

follow us on Twitter @karobar_daily



सरकारले साझा यातायातको बस कति दिन पूजा गरेर राख्ने हो ? कोरोनाको अवस्थामा कसरी बस चलाउने र कसरी सुरक्षित हुने भन्ने कुरा देखाउनु पऱ्यो।

*– पूर्णमान शाक्य*



परीक्षण घटाउँदै लगेर कोरोना संक्रमणको आँकडा शून्यमा झारी कोरोना मुक्त राष्ट्र बनाउने अभियानमा लागेछ सरकार। अब केही दिन पछि लकडाउन पनि पूरै खुल्छ जस्तो छ।

*– अमृत खरेल*



नेपाली समाज एउटा आदर्श मूल्य र संस्कारमा निर्मित समाज हो। विविधता हाम्रो समाजको तागत र सौन्दर्यता हो। पछिल्ला समयमा कलाकार दीपाश्रीको विरूद्धमा प्रयोग भएका भाषा र शब्दहरु नेपाली समाजको मूल्यसँग मेल खाँदैनन्। त्यसो गर्न हामीलाई छुट पनि छैन । यस्ता हर्कत बन्द गरौं । कलाकारको सम्मान गरौं।

*– भीमार्जुन आचार्य*
**@BhimarjunPhD**



सन्तानलाई सम्पत्ति दिइएन भने केही बेर मात्र रुनेछ, तर यदि संस्कार दिइएन भने जिन्दगीभर रुनेछ।

*– शोविता सिंखडा*
**@shobitasimkhada**

## अर्थसूक्ति

**औद्योगिक क्रान्तिका दुई चरण छन् – पहिलो भौतिक र दोस्रो सामाजिक । पहिलोको चासो सामान बनाउनु हो भने दोस्रोको मानिसको निर्माण।**
*– चार्ल्स बियर्ड*

## विविधा

# बाढी, पहिरो र डुबानले ठूलो परिमाणमा जनधनको क्षति

नेपाल एक भौगोलिक विविधताले भरिएको मुलुक हो। नेपालमा समुद्री सतहबाट होचो भूभाग र संसारकै अग्लो सर्वोच्च शिखर सगरमाथा पनि रहेको सबैमा विदितै छ। यसर्थ यस देशलाई प्राकृतिक सम्पदाले भरिएको र सबै प्रकृतिको हावापानी पाइने देश भनेर पनि चिनिन्छ।

नेपालमा बंगालको खाडीबाट चक्रवात सुरु भएपछि मनसुन सुरु हुन्छ । बंगालको खाडीबाट उत्पन्न भएको चक्रावत सुरु भएसँगै अहिले नेपालमा मनसुन प्रारम्भ भइसकेको छ। यस समयमा नेपालमा विगत वर्षहरूमा देखिएको नेपालको पहाडी भूभागमा बाढीपहिरो र नेपालको तराई क्षेत्रमा डुबान हुने गरेको घटनाबाट यस वर्ष हामीले बेलैमा सावधानी अपनाई यस्ता विपत्तिको सामना गर्न हामी सबै तयारी बन्नुपर्ने देखिएको छ।

नेपाल रहेका अधिकांश नदीनाला हिमाली क्षेत्रबाट तराईका जिल्ला भएर दक्षिणी भारतका विभिन्न जिल्ला हुँदै समुद्रसम्म पुग्ने भएकाले ती नदी आसपासमा रहेका सहर, गाउँबस्तीहरू उच्च जोखिममा पर्ने गरेको देखिएको छ। नदीमा आउने भेलले नदी किनारामा तटबन्ध नहुँदा बस्तीमा नदीनाला पस्ने गरेको र करोडौंको धनजनको क्षति भएको उदाहरण हामीले विगतका वर्षहरूमा देखिसकेका छौं । त्यसैले त्यस्ता जोखिम क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रका नागरिकको जीउधनको सुरक्षा प्रदान गर्न सम्बन्धित निकायलाई हार्दिक आह्वान गर्छौं।

उदाहरणका लागि राजधानीबाट बग्ने वाग्मती, विष्णुमती, टुकुचा, धोबीखोला, मनोहरा र हनुमन्ते खोलाहरूमा आउने बाढीले ती खोला आसपास बस्ने नागरिकलाई पानी परेपछि अब के होला भनेर त्रासमा बस्न बाध्य गराएको छ । साँघुरो तटबन्ध अनि तटबन्धसँगै जोडिएको बस्ती र नजिकै रहेको बस्ती पनि पुरेको माटोमाथि ठडिएका गगनचुम्बी महल ती नदीमा आउने भेलमा परी भत्किने गरेको अघिल्ला वर्षको केही घटना अहिले पनि मनमा ताजा नै छ । त्यसैगरी भक्तपुरमा बहने हनुमन्ते नदीको दोहनले त नयाँ ठिमी, राधेराधे आसपासका बस्तीमा सधैंधरि वर्षाको समयमा घरघरमा दुई-तीन फिट पानी घरभित्रै पस्ने र राजमार्गबाटै नदी बगेको दृश्य आज पनि ताजा नै रहेको छ।

यी त केही प्रतिनिधि घटना मात्र हुन् । यो एउटा राजधानीमा देखिएको समस्या हो। यस्ता समस्या मोफसलका नदीनालाहरूमा झन् बढी रहेकाले यस्ता समस्या समाधान गर्नु आजको प्रमुख आवश्यकता रहेको देखिएको छ।

नेपालका अधिकांश सहर वैज्ञानिक हिसाबले अव्यवस्थित रहेका छन् । सहर छेउछाउमा रहेका नदीनालाको दोहन गरी घर बनाउने र खोलाको भाग साँघुरो बनाई संरचना निर्माण गरेको र वर्षादको समयमा ती नदीनालामा बहनका लागि सतहमा पानी नअटेर बस्तीमा बाढी पसेको हामीले देखेका र भोगेका पनि छौं। त्यसैले बाढीपहिरोबाट हुने धनजनको क्षतिप्रति हामी नागरिक, स्थानीय सरकार, प्रदेश र संघीय सरकार जिम्मेवार हुन र नागरिकको सुरक्षामा चासो राखी अकालमा नागरिकको मृत्यु हुनबाट बनाउनुपर्छ।

*–झलनाथ खतिवडा*

**टिप्पणी** कृषि उत्पादनमा हुने वृद्धिले मात्रै राष्ट्रिय आयमा वृद्धि, रोजगारीमा वृद्धि र निर्यामूलक गतिविधिमा वृद्धि गराउन सक्छ ।

# कृषिक्षेत्र : नीतिमा पहिलो प्राथमिकता, बजेटमा आठौं

रिसव गौतम



सलह नामक फौजीकीरा असारको दोस्रो साता नेपालमा पनि प्रवेश गऱ्यो । अफ्रिका हुँदै भारत छिरेको र त्यहाँका किसानहरूको बालीनाली नष्ट गरिरहेको सलह बाराको निजगढमा पहिलो पटक देखा परेपछि आममान्छे दंग परे । कृषि मन्त्रालयले नै एक महिनाअघि सलह नेपालमा आउने सम्भावना नरहेको प्रतिवेदन सार्वजनिक गरेको हो। तर, त्यसविपरीत नेपालमा सलह आयो नै।

सलह कीराले तराईमा के-कति क्षति गर्ला वा नगर्ला, त्यो अध्ययनको विषय बनेको छ । तर, सरकारले बारम्बार गर्ने कृषि क्रान्तिका कुरा, सरकारको कृषकसँगको व्यवहार, कृषिमा बजेट प्राथमिकतालाई तादात्म्यता मिलाउँदा कृषक र कृषिक्षेत्र सदैव हेपिएको भान हुन्छ। सलह नेपालमा भित्रनासाथ प्रदेश ५ को सरकारले त किसानलाई 'टिपेर ल्याऊ, किलोको २० रुपैयाँ लैजाऊ' भन्ने पुरस्कार घोषणा गऱ्यो । कृषक र कृषिक्षेत्रमाथि त्योभन्दा मजाक र अपमान अरू के हुन सक्ला ? सरकारलाई एक किलो कीरा टिपेर २० रुपैयाँ ग्रहण गर्नुपर्ने नेपालका किसानको नियति गज्जब छ। यसैबाट बुझ्न सकिन्छ कि नेपालमा कृषिक्षेत्र र किसानमाथि राज्यको सोच कतिसम्म घटिया छ भन्ने। अनि कसरी कृषिक्षेत्र युवाहरूको आकर्षणको क्षेत्र बन्न सक्छ ?

### भाषणमा पहिलो प्राथमिकता, बजेटमा आठौं

तथ्याङ्कअनुसार अझै पनि नेपालमा कुल जनसंख्याको ६७ प्रतिशत मानिस कृषिमा निर्भर छन् । त्यो पनि धेरैजसो निर्वाहमुखी नै छ। व्यावसायिक ढर्रामा त अघि बढ्नै सकेको छैन । त्यसमा राज्यको भूमिका प्रभावकारी हुनै सकेको छैन । नारा र भाषणमा नै कृषिक्रान्ति र त्यसको व्यावसायिकताको कुरा सीमित छन् । विगतभन्दा आउने आर्थिक वर्ष २०७७-७८ का लागि कृषि बजेट केही बढाइएको त देखिन्छ। आउने वर्षका लागि कृषिक्षेत्रलाई ४१ अर्ब ४० करोड बजेट विनियोजन गरिएको छ। यो विगतको भन्दा थोरै बढी हो। तर, सरकारले कृषिलाई नीति तथा कार्यक्रममा जुन ढंगले पहिलो प्राथमिकतामा राखे पनि बजेटको हिस्सालाई हेर्दा आठौं नम्बरमा सीमित गरिएको देखिन्छ। कुल बजेटको २.८ प्रतिशतमात्रै कृषिक्षेत्रमा राज्यको लगानी देखिन्छ।

नेपालको कुल गार्हस्थ्य उत्पादनमा हिजोआजका वर्षहरूमा ३४ प्रतिशत अर्थात् अन्य क्षेत्रहरूको तुलनामा सबैभन्दा बढी योगदान राख्दै आएको छ। तर, राज्यको यस क्षेत्रमा लगानीको अवस्थालाई हेर्दा कृषि र कृषकमाथि अन्याय नै गरिएको ठहर्छ। खासगरी यस वर्ष कोभिड-१९ अर्थात् कोरोना भाइरसको विश्वव्यापी महामारीको प्रभावस्वरूप नेपालमा पनि अन्य क्षेत्र मारमा परेको, सहरमा बस्नेहरू गाउँ पसेका कारण कृषिले नै आर्थिक टेवा दिने अपेक्षा गरिएको छ। कृषिक्षेत्रले नै आर्थिक वृद्धि गराउने आशा गरिएको छ।

तर, कृषिक्षेत्रमा छुट्याइएको बजेट, मल तथा बीउबिजनको उपलब्धतामा कठिनाइको समस्या दोहोरिनुले कृषिक्षेत्रले सोचेजस्तो प्रगति गर्न सक्ने छाँट छैन। त्यसमाथि धान रोप्ने कार्य सुरु हुँदाहुँदै भारतबाट भित्रिएको सलहले के-कति क्षति पुऱ्याउने हो, अड्कल गर्न सकिने अवस्था छैन। अर्को विडम्बना के पनि छ भने कृषिक्षेत्रमा छुट्याइएका निम्छरै खालका बजेट पनि खर्च हुन सकेका हुँदैनन्। विगत वर्षहरूमा ३४ अर्बसम्म कृषि बजेट खर्च नभएका उदाहरण छन्। त्यसबाहेक सरकारले कृषकलाई दिइँदै आएको अनुदान समेत वास्तविक किसानको हातमा पर्ने गरेको छैन । त्यस्ता रकम राजनीतिक छत्रछायामा रहेका बिचौलिया ठगहरूको हातमा पर्ने गरेको छ। सरकारले कृषिमा बजेट केही बढाए पनि मलमा समेत कर बढाएर किसानको ढाड घुमाउरो तवरले सकेकै छ। सरकारले कुनै पनि तवरले किसानको भलो चिताएको देखिँदैन। फगत भाषणमा मात्रै कृषि कार्यक्रमहरू सीमित छन् । किसान हेपिएका मात्रै छैनन्, पिल्सिएका पनि छन् । जब किसानले बालीनाली भित्र्याएर बेच्ने बेला आउँछ, त्यतिबेला एउटा-एउटा निहुँले बिचौलिया व्यापारीले किसानको उत्पादन कौडीको भाउमा गुट्मुट्याउने गरेका छन् । तर, त्यस्ता गतिविधिलाई निरुत्साहित गर्न, किसानको बजार सुरक्षा गर्न राज्यले कत्ति पनि ध्यान दिएको पाइँदैन । यसरी अर्थतन्त्रको प्रमुख खम्बा कृषिक्षेत्रप्रति राज्यको भूमिका निकै कमजोर रहँदै आएको छ। कृषिक्षेत्र हेपिएको छ।

### कृषिमा लगानी

नेपालमा असम्भव नभए पनि तत्काल सम्भव नहुने तेल, ग्यासमा परनिर्भर भए पनि कृषिउपजमा आत्मनिर्भर हुनुपर्ने ज्यादै नै टट्कारो आवश्यकता छ । नेपालको राष्ट्रियता भूगोलमाथि विदेशी विस्तारवादले पटक-पटक प्रहार गर्नुको एउटा कारण कृषिमा परनिर्भर हुनुले पनि हो । अझै पनि नेपालको कुल जनसंख्याको ८० प्रतिशत हाराहारी मानिस ग्रामीण क्षेत्रमा नै बसोबास गर्छन् । ग्रामीण क्षेत्रमा बस्ने नेपालीहरूले मुख्यतया निर्वाहमुखी कृषि अँगाल्दै आएका छन्। त्यत्रो जनसंख्या कृषिमा आश्रित रहे पनि सरकारले मल, बीउलगायत अपरिहार्य कुराहरू अनुदानका रूपमा उपलब्ध गराउन नसक्दा, शीत भण्डारहरू व्यवस्था गर्न नसक्दा, कृषि सडकहरूको विस्तार गर्न नसक्दा, कृषिक्षेत्रमा बैंकहरूले प्राथमिकताका साथ लगानी बढाउन नसक्दा, आधुनिक प्रविधिहरू भित्र्याउन नसक्दा यस क्षेत्रको नतिजा सुधार हुन नसकेको हो। नेपालमा उदारीकरणको सुरुवात भएपछि सबैभन्दा मौलाएको क्षेत्र बैंक तथा वित्तीय क्षेत्र भए पनि कृषिमा बैंकहरूको लगानी प्रथमिकता हुन नसक्नु विडम्बनाको विषय देखिन्छ। यद्यपि पछिल्ला वर्षहरू राष्ट्र बैंकको भूमिकाका कारण कृषिक्षेत्रमा अनिवार्य लगानी गर्नुपर्ने कडा प्रावधानका कारण यस क्षेत्रमा बैंकहरूको पनि लगानी बढ्न थालेको छ । फलस्वरूप व्यावसायिक कृषिको थालनी हुन थालेको छ।

खासगरी ग्रामीण भेगमा बस्ने जनतामा पुग्ने वित्तीय स्रोतको पहुँच र साक्षरताले नै कृषि उत्पादनमा वृद्धि गर्न सक्नेछ। यद्यपि सानो-सानो अंशमा पुँजी निर्माण तथा परिचालन गर्ने कार्यमा सहकारी क्षेत्रले केही हदसम्म नेपालको कृषिक्षेत्रको विकासमा सघाउ पुऱ्याएको छ। तर, अबका दिनमा सरकार र राष्ट्र बैंकले नै अग्रसरता देखाएर कृषिक्षेत्रमा बैंकिङ लगानी पनि बढाउनु आवश्यक छ । नेपालको जीडीपीमा सदैव स्थायी प्रकृतिको योगदान कृषिक्षेत्रले मात्रै दिन सक्छ।

# खच्चडकै भरमा भोटखोला

**कृष्णराज शाक्य**
संखुवासभा, २८ असार



निरन्तरको वर्षात्का कारण संखुवासभाको उत्तरी क्षेत्र भोटखोलाका सबै वडाका ढुवानीको मुख्य साधन खच्चड नै हो । हिउँदमा करिब २ दिनको पैदल दूरीमा पर्ने भोटखोलाको बरुण दोभानसम्म गाडीले ढुवानी गर्दा सहज भए पनि वर्षात्का कारण अहिले त्यस क्षेत्रमा कुनै पनि सवारी साधन चल्न नसक्दा भोटखोला पूर्णरूपमा खच्चडकै भरमा पुगेको हो । केही वर्ष अघिसम्म डाँडा काँडामा सामान ढुवानीको एकमात्र साधन खच्चड पछिल्लो समय विस्थापित हुँदै जाँदा ढुवानीमा अहिले समस्या भएको स्थानीय बासिन्दा पेक्मा भोटेको भनाइ छ । त्यस क्षेत्रका अधिकांश खच्चड ब्यवसायी अहिले अन्य पेसामा लागिसकेका छन् ।

आधा वर्ष यातायातका साधन चल्ने भएकाले उक्त हिउँदको समयमा खच्चड ब्यवसायीले काम पाउन नसक्दा ब्यवसायीहरू पेसा परिवर्तन गरी अन्य पेसामा संलग्न भइसकेकाले अहिले ढुवानीमा समस्या भएको उनको भनाइ छ । संखुवासभाको सदरमुकाम खाँदबारीबाट करिब ५ दिनको पैदल दूरीमा पर्ने किमाथान्का, हटिया, गोला बजारसम्म चिनियाँ सहर रियू र डेन्डाङ् बजारबाट उपभोग्य सामग्री आयात भए पनि भोटखोला र मकालु गाउँपालिकाका अधिकांश क्षेत्रमा हालसम्म सडक सुविधाको पहुँच पुग्न नसक्दा स्थानीय बासिन्दाले कष्टकर जीवनयापन गरिरहेका छन् । अहिले त्यस क्षेत्रमा सदरमुकामबाट सामग्री पुऱ्याउन प्रतिकेजी ६० रुपैयाँ बढी ढुवानी भाडा पर्ने गरेको भोटखोलाका रिदार भोटे बताउँछन् ।

सामग्री ढुवानी अत्यधिक महंगो पर्ने भएकाले त्यस क्षेत्रको विकास निर्माण कार्यमा समस्या हुने गरेको भोटखोला गाउँपालिकाका अध्यक्ष तेम्बा भोटे ठिलेनले जनाए । विकट हिमाली क्षेत्र भएकाले आवतजावतमा समस्या हुँदा त्यस क्षेत्रका बासिन्दाले स्वास्थ्य सेवा लिनसमेत ३, ४ दिनको पैदल दूरी पार गरेर सदरमुकाम खाँदबारी आउनुपर्ने स्थिति छ । विशेषगरी बालबालिका, वृद्धवृद्धा र बिरामीलाई आवतजावतमा समस्या हुने गरेको भोटखोला-१ किमाथाङ्काका वडाध्यक्ष तेञ्छिवी भोटेले बताए । निर्माण सामग्री ढुवानी महंगो पर्ने भएकाले त्यस क्षेत्रको निर्माणकार्य प्रायः शून्य रहेको अध्यक्ष भोटे बताउँछन् ।

सदरमुकाम खाँदबारीबाट करिब ४५ किमिको दूरीमा रहेको मकालु गाउँपालिकाको नुम बजारबाट भोटखोलाका अधिकांश क्षेत्रमा खच्चडबाट सामग्री ढुवानी गर्दा मूल्यको दोब्बर ढुवानी खर्च लाग्ने गरेको स्थानीय ब्यापारी कर्मादोर्ची शेर्पा बताउँछन् । पहाडी र हिमाली क्षेत्रको भौगोलिक विकटताका कारण सामग्री ढुवानीको विश्वसनीय साधनका रूपमा खच्चडको प्रयोग बढ्दै गएकोमा केही वर्ष यतादेखि भने धेरै खच्चड ब्यवसायीले पेसा परिवर्तन गरेकाले समयमा सामग्री ढुवानी गर्न समस्या हुने गरेको स्थानीय ब्यवसायीको भनाइ छ । वर्षात्को समयमा भरियाले समेत सामान बोक्न मान्दैनन् । भारि बोकेर अग्लाअग्ला पहाड छिचोल्नु पर्ने र जुनसुकै बेला माथिबाट पहिरो झर्ने जोखिम भएकाले भरिया नपाउँदा त्यस क्षेत्रका बासिन्दाले आफूलाई चाहिने सामग्री प्रायः आफैंले बोक्नुपर्ने बाध्यता छ । मोरंग विराटनगरको रानीदेखि चीनको तिब्बतसँग सिमाना जोडिएको संखुवासभाको उत्तरी बिन्दु जोड्ने उत्तरदक्षिण कोसी राजमार्गले केही हदसम्म मकालु र भोटखोलाका केही क्षेत्रलाई हिउँदमा भने धेरै सहज बनाउने गरेको छ । जिल्ला सदरमुकाम खाँदबारीबाट १७० किमिको दूरीमा रहेको चीनको स्वशासित क्षेत्र तिब्बतको चांगा र डेन्डाङ् बजारसँग जोड्ने लक्ष्यका साथ खन्न थालिएको उत्तर-दक्षिण कोसी सडकको काम लामो समयदेखि बीचैमा रोकिएकाले सडक सञ्जाल अझै जोडिन सकेको छैन ।

३,४ दिनको दूरीमा रहेको चीनको डेण्डांग सहरबाट भोटखोलाका सबै क्षेत्रमा खाद्यान्न आयात गर्न सहज नभएकाले भोटखोलाका अधिकांश स्थानीयले खाद्यान्नलगायत अन्य दैनिक आवश्यकताका सामग्री सदरमुकाम खाँदबारी, मानेभन्ज्यांग, मकालु गाउँपालिकाको नुम बजारबाट खच्चडमार्फत लाने गर्दछन् ।

हिउँदमा चल्ने यातायात सेवाका कारण आफूहरूले ६ महिना कुनै काम पाउन नसकिने भएकाले खच्चड पाल्न बढी खर्चालु हुने हुँदा खच्चड ब्यवसाय त्याग्नुपर्ने परिस्थिति आएको भोटखोला-३ का खच्चड ब्यवसायी रिदर खम्बा भोटे बताउँछन् । एउटा खच्चडको दाम कम्तिमा ८० हजारदेखि १ लाखसम्म पर्छ । वर्षात्को समयमा खच्चडसमेत लामो झरिका कारण बिरामी हुने, भीरबाट खस्ने, पहिरोमा परेर मर्ने गर्दा ठूलो आर्थिक भार पर्ने जोखिम भएकाले वर्षात्को समयमा ढुवानी खर्च अत्यधिक बढ्ने गरेको उनको भनाइ छ ।

# सभाहल निर्माण गरिने



सिन्धुली, २८ असार (कास)ः सिन्धुलीमाढीमा अत्याधुनिक सभाहल निर्माण गरिने भएको छ । कमलामाई नगरपालिका-६ मा रहेको पुरानो सभाहल भत्काएर सोही ठाउँमा भवन निर्माण गरिने भएको हो ।

नगर विकास कोषको ११ करोड ऋण र नगरपालिकाको साढे ५ करोड लागतमा सभाहल निर्माण हुने जनाएको छ । करिब साढे १६ करोड रुपैयाँ लागतमा सभाहल निर्माणका लागि सम्भौता सम्पन्न भएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाका अनुसार नगरपालिका र नगर विकास कोषबीच उक्त भवन निर्माणका लागि आइतबार ऋण सम्झौता भएको हो ।

ऋण सम्झौतामा कमलामाई नगरपालिकाका मेयर खड्गबहादुर खत्री र नगर विकास कोषका निमित्त कार्यकारी निर्देशक राजेशकुमार भोछिभोयले हस्ताक्षर गरेका छन् ।

अब बन्ने भवन चार तलाको हुने बताइएको छ । भवनको जमिनमुनि पार्किङ, पहिलो, दोस्रो र तेस्रो तलामा सपिङ मल र चौथो तलामा सभाहल हुने नगरपालिकाका मेयर खत्रीले जानकारी दिए । "सो भवन न्यूनतम ५ सय जना अट्ने क्षमता हुने छ," उनले भने, "यो सिन्धुली जिल्लाकै पहिलो लिफ्टसहितको भवन हुनेछ।" सभाहल दुई वर्षमा निर्माण सम्पन्न गरिने योजना छ ।

# वन्यजन्तुपीडित किसानले पाए राहत

ओखलढुंगा, २८ असार (कास)ः वन्यजन्तुपीडित ओखलढुंगाका १६ जना किसानले पहिलो पटक आर्थिक राहत पाएका छन् ।

चितुवाले घरपालुवा जनावरलाई क्षति पुऱ्याएपछि उनीहरूलाई मकालु वरुण राष्ट्रिय निकुञ्ज कार्यालय संखुवासभामार्फत डिभिजन वन कार्यालय ओखलढुंगाले राहत उपलब्ध गराएको हो ।

कार्यालयले वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका-२०६९ (तेस्रो संशोधन २०७५) को दफा ६ बमोजिम क्षतिको प्रकृति हेरी राहत समितिको सिफारिसको आधारमा मकालु वरुण राष्ट्रिय निकुञ्ज कार्यालयबाट प्राप्त २ लाख ९३ हजार १ सय ६४ रुपैयाँ राहत किसानलाई उपलब्ध गराएको डिभिजन वन कार्यालयका डिभिजन वन अधिकृत भरतबाबु श्रेष्ठले बताए । वन्यजन्तुपीडित किसानले २ हजार ७ सय ५९ देखि ७५ हजार रुपैयाँसम्म राहत पाएका छन् ।

राहत पाउने किसानहरू १५ जना चम्पादेवीको पलापुका छन् । जहाँ गएको साउनमा चितुवाले आतंक मच्चाएर दर्जनौं खसीबोका मारेको थियो । अर्का किसान भने मानेभञ्ज्याङ गाउँपालिकाका छन् । उनका पनि चितुवाले बाख्रा खाएको थियो ।


कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

केन्द्रीय कार्यालयः
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-४४४०११५/११६/१२३/१२४
टोल फ्रि नं. १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

**!!! कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना !!!**
प्रकाशित मितिः २०७७/०३/२९

ठूला करदाता कार्यालय, ललितपुरबाट यस बैंकका केही पूर्व कर्मचारीहरुको आर्थिक वर्ष २०७०/०७१ र २०७१/०७२ को नपुग अग्रिम कर दाखिलाको लागि आदेश भई आएकोमा सोही अनुसार कर दाखिलाको लागि सम्बन्धित कर्मचारीको घर ठेगानामा पत्रचार गरी जानकारी गराइएकोमा हालसम्म पनि सो रकम दाखिला नगर्नु भएकोले आफूलाई पायक पर्ने यस बैंकको शाखा कार्यालयमा गई सम्पूर्ण बक्यौता रकम जम्मा गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा, कर असुलीको लागि तपाईहरुको तीन पुस्ते विवरण सहितको नाम नामेसी राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

'प्रगतिको आधार, कामना सेवा सँग कारोबार'



उन्नति लघुवित्त वित्तीय संस्था लिमिटेड
Unnati Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (१५ जिल्ला कार्यक्षेत्र भएको)
सिद्धार्थनगर नगरपालिका-१२, रूपन्देही, फोन नं. ०७१-५२११२६, ०७१-५२११२७, फ्याक्स नं. ०७१-५२११२७
इमेलः info@unnatimfi.com.np वेभसाइटः unnatimfi.com.np
को

**हितग्राही खातामा बोनश शेयर जम्मा गरिएको सम्बन्धी सूचना**

यस उन्नति लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७६/०९/२९ गते सम्पन्न पाँचौं वार्षिक साधारण सभाबाट लघुवित्त वित्तीय संस्थाका शेयरधनीहरुलाई चुक्ता पूँजीको ३८.६० प्रतिशत बोनश शेयर प्रदान गर्ने विशेष प्रस्ताव पारित भए बमोजिम उक्त बोनश शेयर शेयरधनीहरुलाई वितरण/प्रदान गर्ने सन्दर्भमा उक्त पाँचौं वार्षिक साधारण सभा प्रयोजनार्थ शेयरधनी दर्ता पुस्तिका बन्द हुँदाका वखत अभौतिक रुपमा शेयर धारण गर्नुभएका शेयरधनीहरुलाई बोनश शेयर शेयरधनीहरुको खातामा जम्मा गरि सकिएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

अन्य थप जानकारीका लागि यस लघुवित्त वित्तीय संस्थाको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल काठमाण्डौंमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

शेयर रजिष्ट्रारः
Siddhartha Capital Limited
Investing happiness
सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४२०९२४/४४२०९२५ फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com



**डिम्याट् खाता (Demat Account) नविकरण शुल्क बुझाउने बारे अत्यन्त जरुरी सूचना**

यस लक्ष्मी क्यापिटल मार्केट लिमिटेड तथा लक्ष्मी बैंक लिमिटेडको शाखा कार्यालयहरु मार्फत हितग्राही खाता खोली आफ्नो धितोपत्रको कारोबार गरि रहनु भएका खातावालाहरुलाई धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष २०७६/२०७७ भित्र खाता खोल्नु भएका सम्पूर्ण हितग्राहीहरुले प्रत्येक आ.व.को वार्षिक संचालन शुल्क वापत बुझाउनु पर्ने रकम रु.१००/- बुझाउन बाँकी रहेका हितग्राही सदस्यहरुले यस कम्पनीमा आई बुझाउनु हुन वा लक्ष्मी बैंक लिमिटेडको नजिकको शाखा कार्यालयहरुमा सम्पर्क राखी तल उल्लेखित बैंक खातामा उक्त संचालन शुल्क जम्मा गरि आफ्नो हितग्राही खाता सुचारु राख्नु हुन यसै सूचना मार्फत अनुरोध गर्दछौं ।

साथै बैंकमा रकम दाखिला भएको बैंक भौचरको प्रति यस कम्पनीको ईमेल : info@laxmicapital.com.np मार्फत पठाउनु भई आफ्नो हितग्राहि खाता अद्यावधिक गर्नुहुन अनुरोध गर्दछौं ।

**हितग्राही खाताको बार्षिक संचालन शुल्क जम्मा गर्ने खाताको विवरणः**

| | |
|---|---|
| **बैंकको नामः** | **लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाडौं** |
| **बैंकको खाता नम्बरः** | **००५११००९९६८** |
| **जम्मा गर्नेको विवरणः** | **सम्बन्धित हितग्राहीको पूरा नाम, हितग्राही नम्बर** |

**नोटः** आ.ब. २०७६/२०७७ सम्ममा खाता खोल्नु भएका हितग्राहीहरुले **यही मिति २०७७ आषाढ ३१ गते** भित्र वार्षिक शुल्क (हरु) बुझाई आफ्नो हितग्राही खाता सुचारु राख्नु हुन अनुरोध छ अन्यथा उक्त मिति पश्चात संचालन शुल्क नबुझाउनु हुने हितग्राहीहरुको खाता संचालन शुल्क नबुझाएसम्म Demat Account Freeze भएर रहने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**पुनश्चः**
१. यस कम्पनीको बैंक खातामा शुल्क जम्मा गर्दा हितग्राही खातावालाको नाम, थर, हितग्राही खाता नम्बर तथा कुन आर्थिक वर्षको शुल्क हो अनिवार्य रुपमा उल्लेख हुनु पर्नेछ । सो विवरण पुरा नभई वा फरक परेमा सो को जिम्मेवार हितग्राही स्वयं हुनु हुनेछ ।
२. उपरोक्त वार्षिक संचालन शुल्क Connect IPS, Khalti, e-Sewa तथा Fone Pay मार्फत भुक्तानी गर्न सकिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराउँदछौं ।

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(Wholly Owned Subsidiary of Laxmi Bank Limited)
(नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन तथा लगानी व्यवस्थापन कार्य गर्न इजाजत प्राप्त)
का.म.न.पा. वडा नं. १० नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ९७७-०१-४७८०२२२, ४७८१५८२ फ्याक्स नं. ९७७-१-४७८०५८३
Email : info@laxmicapital.com.np, URL: www.laxmicapital.com.np



DOLPHIN डल्फिन बहुउद्देश्यीय सहकारी संस्था लि.
Multipurpose Cooperative Ltd.
ललितपुर म.न.पा. वडा नं.-१०, कुपण्डोल, फोन नं.०१-५५२६९२६ र ५१८०२९२

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना ।**

यस सस्थाबाट तपशिलमा उल्लेखीत सदस्यले व्यवसाय कर्जा शिर्षक अन्तर्गत कर्जा उपभोग गरेको कर्जाको भाखा नाघेको र कर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, व्याज वा नियमानुसार लाग्ने रकम नतिरी नवुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा व्याज तिर्ने सम्बन्धमा मौखित तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा एवं मिति २०७६/११/२८ गतेको कारेवार राष्ट्रिय दैनिकमा ३५ दिने सुचना प्रकाशित गर्दा समेत उक्त ऋण कर्जा रकमको सम्पुर्ण साँवा, व्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस संस्था संग भएका ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्घंन गर्नु भएकोले ऋणीले ऋणकर्जा लिदा धितो सुरक्षणवापत लेखिदिनु भएको तपशिल बमोजिमको सम्पती जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्र द्धारा लिलाम विक्री गरीने हुदा उक्त सम्पती लिन इच्छुक व्यक्ति, फर्म संगठीत संस्था कम्पनीहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफ्नो बोलपत्र पेश गुर्नुहुन यो सूचना प्रकाशित गरीएको छ ।

| सि.नं. | ऋणीको नाम, फोटो र तिन पुस्ते | जमानीको नाम, फोटो र तिन पुस्ते | धितोमा रहेको घर/जग्गा |
|---|---|---|---|
| १ |  नाम : कल्पना भुजेल<br>ठेगाना : मंगलपुर–८, चितवन<br>हालको ठेगाना : कपन–०३, काठमाण्डौ<br>बुबा : पुर्ण बहादुर बस्नेत<br>ससुरा : डिल बहानदुर भुजेल<br>पति : धन बहादुर भुजेल<br>ना.प्र.प.नं.४७८१२ (चितवन)<br>जारी मिति : २०६६/०४/२० |  नाम : प्रज्वल भुजेल<br>ठेगाना : मंगलपुर–८,चितवन<br>हालको ठेगाना : कपन–०३, काठमाण्डौ<br>बुबा : धन बहादुर भुजेल<br>बाजे : डिल बहानदुर भुजेल<br>ना.प्र.प.नं.३५–०१–७३–०००८६ (चितवन)<br>जारी मिति : २०७३/०१/०६ |  |

**धितो सुरक्षण विवरण**

| जग्गा धनिको नाम | ठेगाना | कित्ता नं. | क्षेत्रफल/बर्गमिगर | रोक्का मिति | रोक्का दर्ता नं. |
|---|---|---|---|---|---|
| कल्पना भुजेल | कपन–०३, काठमाण्डौ | ३५९ र ३५५ | १२७.६० वर्गमिटर र ७.५० वर्गमिटर | २०७५/०६/२६ | २७२२०७५७६NL००३०९३ |

| सि.नं. | ऋणीको नाम, फाटो र तिन पुस्ते | जमानीको नाम, फाटो र तिन पुस्ते | जमानीको नाम, फाटो र तिन पुस्ते |
|---|---|---|---|
| १ |  नाम : कृष्ण प्रसाद पौडेल<br>ठेगाना : बुटवल–८, रुपन्देही<br>बुबा : तुल्सीराम पौडेल<br>बाजे : कृपा राम पौडेल<br>ना.प्र.प.नं. ३/५८३ (रुपन्देही)<br>जारी मिति : २०५०/०५/१६ |  नाम : नानु माया पौडेल<br>ठेगाना : बुटवल–८, रुपन्देही<br>बुबाः भुवनेश्वर गौतम<br>ससुरा : तुल्सीराम पौडेल<br>पति : कृष्ण प्रसाद पौडेल<br>ना.प्र.प.नं. १७७४१(रुपन्देही)<br>जारी मिति : २०५९/०९/२१ |  नाम : शंकर काफ्ले<br>ठेगाना : पड्सरी–०१, रुपन्देही<br>बुबा : नारायण प्रसाद काफ्ले<br>बाजे : विनी महादेव<br>ना.प्र.प.नं. २/४३२० (रुपन्देही)<br>जारी मिति २०५२/०७/१३ |

**धितो सुरक्षण विवरण**

| जग्गा धनिको नाम | ठेगाना | कित्ता नं. | क्षेत्रफल/ बर्गमिगर | सिट नं. | रोक्का मिति | रोक्का दर्ता नं. | धितो सुरक्षणमा रहेको घर/जग्गा |
|---|---|---|---|---|---|---|---|
| कृष्ण प्रसाद पौडेल | बुटवल–८, रुपन्देही | ३०५ | १०२.९७ वर्गमिटर | ०९८११५९०६ | २०७५/०२/१६ | चलानी–१४३०६ (मालपोत कार्यालय, बुटवल) |  |

**लिलामीका शर्तहरु :**
१) वोल पत्र फारम सस्थाको कार्यालय कुपोण्डोल, कानदेवतास्थान ललितपुरमा प्राप्त गर्न सकिने छ ।
२) उक्त सम्पती जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्ने छ ।
३) लिलाम विक्री हुने अचल सम्पती सम्बन्धीत कागजात हेर्न चाहानुहुने महानुभावहरुले यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
४) सकार गरी लिन चाहेको सम्पती के कती रकममा लिन चाहेको हो सोको अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखीएको हुनुपर्नेछ ।
५) आफुले कबोल गरेको रकमको १० प्रतिशत हुन आउने धरौटी रकम वापत यस संस्थाको ग्लोबल आइ.एमं इ बैकमा रहेको खाता नं. २८०१०१०००००३१ मा नगद जम्मा गरी नगद जम्मा भौचर समेत शिलबन्दी बोलपत्रकासाथ समावेस गरी पेस गर्नुपर्नेछ ।
६) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस संस्थाको कार्यालय कुपोण्डोल ललितपुरमा प्राप्त भई सक्नु पर्नेछ ।
७) बोलपत्र बुझाउने अन्तीम दिन सर्वजनिक विदा परेमा विदाको लगतै कार्यालय खुलेको दिन मध्यन्ह १२ बजे सम्म बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन पनी सार्वजनिक विदा परेमा विदाको लगतै कार्यालय खुलको दिन सोही समयमा बोलपत्र खोलिनेछ ।
८) लिलाम सकार गर्ने व्यक्तिले सस्थावाट लिलाम स्वीकृत भएको मितिले ७ दिन भित्र बाकि सम्पुर्ण रकम वुझाई उक्त सम्पती आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडी बढाउनु पर्नेछ । उक्त बाकी रकम तोकिएको समय अवधि भित्र नबुझाएमा धरौटी वापत रहेको रकम स्वतःजफत हुनेछ ।
९) सहकारी ऐन, २०७४, नियमावली लगाएत अन्य प्रचलित ऐन, नियम बमोजिम लिलाम विक्री गर्दा कसैले नसकारेमा वा बोल कबोल गरेको रकम संस्थालाई चित्त बुझ्दो नभएमा संस्थाले प्रचलित ऐन, कानुन तथा संस्थाको आन्तरीक कर्जा असुली विनियम अनुसार सम्पतीको स्वामित्व आफुमा लिन सक्नेछ ।
१०) शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धीत ऋणीहरु तथा सरोकारवालाले सम्पुर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा बोलपत्र स्वतः रद्द हुनेछ ।
११) यस सम्बन्धमा अन्य जानकारीको लागी यस संस्थाको कर्जा असुली शाखामा सम्पर्क राख्न सक्नु हुनेछ

**बोलपत्र पेश गर्ने अन्तीम मिति : २०७७/०४/१२ सोमवार** **समय : मध्यन्ह १२ बजे**
**बोल पत्र खोलिने मिति : २०७७/०४/१३ मंगलवार** **स्थान : संस्थाको प्रधान कार्यालय, कुपोण्डोल, ललितपुर ।**



चितवनको सौराहास्थित बाघमारा मध्यवर्ती सामुदायिक वनमा चर्दै गरेका जरायो र चित्तलको बथान। *तस्बिर: रासस*

कारोबार

हिमाल स्टील आजको भाउ
ज्योति

| | टोरस्टिल | | | डक्टाइल 500D | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ८२.२० | ८०.७० | ८३.२० | ८३.२० | ७९.२० | ८१.७० | ८३.२० | ९२.७७ |
| वीरगंज | ८०.३० | ७८.८० | ८१.२९ | ८१.३० | ७७.३० | ७९.७९ | ८१.३० | ९०.९७ |
| विराटनगर | ८०.८० | ७९.३० | ८१.७९ | ८१.८० | ७७.८० | ८०.२९ | ८१.८० | ९१.५७ |

• अन्तः शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

# दोलखाका व्यवसायी बैंकविरुद्ध

**कारोबार संवाददाता**

दोलखा, २८ असार

दोलखाका व्यवसायीहरुले व्यवसाय नै नचलेका बेला मानसिक तनाब बढेको गुनासो गरका छन् । ३ महिनाभन्दा बढीको लकडाउनका कारण व्यवसाय सञ्चालन हुन नसकेको अवस्थमा बैंक तथा वित्तीय संस्थाको लगातारको फोन र एसएमएसले टाउको दुःखाई भएको उनीहरुको गुनासो छ । "यस्तो अवस्थामा त कतिले आत्मा हत्या नै गर्नु पर्ने अवस्था आए यसको दोष कस्ले लिने ?" दोलखा उद्योग वाणिज्य संघका सचिव विमल श्रेष्ठले भने ।



दोलखा उद्योग वाणिज्य संघ र निर्माण व्यवसायी संघले चरिकोटमा संयुक्त रुपमा ऱ्याली नै गरेर व्यवसाय प्रवर्द्धनमा सहयोग गर्न बैंक तथा वित्तीय संस्थाको ध्यानाकार्षण गराए । "व्यवसाय विस्तार गर्न हामीले पनि बैंकबाटै ऋण लिएका छौं, ऋण नतिर्दा हामीलाई नै असर गर्ने हो" दोलखा उद्योग वाणिज्य संघका अध्यक्ष इन्द्र श्रेष्ठले भने, "तर यस्तो अप्ठ्यारो परेका बेला किस्तालाई पछि सारेर सहयोग गर्नुस् र पुर्न कर्जाको व्यवस्था गर्नुस भनेका हौं ।"

लकडाउनका कारण राष्ट्रबैंकले व्याज छुट जस्ता सुविधा पनि ल्याएपनि आफूहरुले सुविधा नपाएकाले त्यसलाई कार्यान्वयन गर्न ध्यानाकार्षण गराएको अध्यक्ष श्रेष्ठले बताए । सरकारले घरभाडा छुट दिएपनि कतिपय घरबेटीले घरभाडामा महिना मर्न नपाउँदै ताकेता गर्दा पर्यटन क्षेत्रका व्यवसायीहरु व्यवसाय नै छाडेर विस्थापित हुनु परेको संघका महासचिव हेमराज रिमालले बताए ।

लकडाउनले प्रत्यक्ष रुपमा पर्यटन तथा सेवाका व्यवसायलाई सबैभन्दा बढी असर गरेको छ । सरकारले निर्माण क्षेत्र सहज गरेको भनेपनि ढुवानीमा ठाउँठाउँमा हुने अवरोध, दक्ष मजदुर घर गएर फर्कन नसक्ने अवस्था र मूल्य वृद्धिले जस्ता कारणले निर्माणका काम प्रत्यक्ष रुपमा असर परेको निर्माण व्यवसायी संघ दोलखाका महासचिव राजेश थापाले बताए । सरकारले आउँदो मौद्रिक नीतिमा उद्योग, व्यवसाय र निर्माण क्षेत्रलाई सम्बोधन गरी राहत प्याकेज ल्याउन समेत उनले माग गरे ।

# नबिल बैंकको नबिल डिजी बैंकको सुरुवात

काठमाडौं, २८ असार (कास): नबिल बैंकले ३६औं वार्षिक उत्सव पारेर नबिल डिजी बैंकको सुरुवात गरेको छ । बैंकलाई पूर्ण रूपमा अनलाइन प्रणालीमा लैजानुपर्ने भन्दै बैंकले डिजी बैंक शुभारम्भ गरेको हो । डिजिटल युगसँगै बैंकिङ क्षेत्रलाई डिजिटलाइजेसन गर्नुपर्ने भन्दै नबिल बैंकका सीईओ अनिलकेशरी शाहले बैंकले नयाँ कार्यको थालनी गरिएको बताए । आइतबार



भर्चुअल प्रेसमिट गर्दै डिजी बैंकको शुभारम्भ गरेका सीईओ शाहले डिजी बैंकिङ बैंकभित्रको अर्को बैंक हुने जनाए । उनले बजारको मागलाई मध्यनजर गर्दै बैंकले नबिल डिजी बैंकको योजना ल्याएको बताए ।

बैंकको पहुँचमा नभएका तथा बैंकभन्दा टाढा रहेका ग्राहकलाई मध्यनजर गर्दै र बैंकको लागत घटाएर त्यसको फाइदा ग्राहकलाई दिने उद्देश्यले डिजी बैंकको सुरुवात गरेको डिजी बैंकका प्रमुख विनय रेग्मीले बताए । बैंकले डिजिटल बैंकिङलाई अगाडि बढाउन हुवावे कम्पनीसँग रणनीतिक साझेदारीसमेत गरिसकेको छ ।

# नेपाल पर्यटन बोर्ड पाटा ड्रिम ट्राभल फेस्टिवलमा सहभागी

काठमाडौं,२८असार (कास) : नेपाल पर्यटन बोर्डले प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा)द्वारा आयोजित अन्तराष्ट्रिय कार्यक्रम ड्रीम टु ट्राभल फेस्टिवलमा सहभागिता जनाएको छ । चार हप्तासम्म चल्ने यो एक अनलाइन इभेन्ट हो जसले विश्वव्यापी यात्रा व्यवसायहरूलाई एउटै सन्जाल मा जोड्दछ, र यी चुनौतीपूर्ण समयमा यात्राको लागि तयारी गराउँछ । भिजिट नेपाल कार्यक्रम अन्तर्गत उक्त उत्सवमा बोर्डले नेपाललाई कोभिड-१९ पछिको समयमा शरीर, दिमाग र आत्माको पुनरुत्थान, स्वास्थ्यको लागि पर्यटन गन्तव्यको रूपमा प्रदर्शन गर्यो । भिजिट नेपाल कार्यक्रम जुलाई ६-१० सम्म जारी रह्यो।

कार्यक्रमको पहिलो दिनमा बोर्ड प्रबन्धक बिमल कँडेलले नेपाल गन्तव्यको बारेमा एक प्रस्तुती दिनुभयो । सोही दिन प्रत्यक्ष अनुभव सत्रमा बोर्डले मोमो बनाउने प्रत्यक्ष प्रस्तुती दियो, जहाँ एक मास्टर शेफले मम पकाउने विधी प्रदर्शन गरे। मम नेपालको धेरै लोकप्रिय खानामध्ये एक हो।

जुलाई ७ मा माननीय संस्कृति, पर्यटन र नागरिक उड्डयन लागि मन्त्री योगेश भट्टराईले प्रत्यक्ष बीबीसी न्यूज फायरसाडमा सहभागी हुनुभयो । नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा धनञ्जय रेग्मी, र नेपाल सरकार, बोर्ड तथा एस समूह होटेलका अन्य अधिकारीहरूले नेपाललाई अध्यात्मिक केन्द्रका रुपमा छलफल र प्रस्तूति गरेका थिए।

पाटा ड्रीम टु ट्राभलको नलेज सेसन मा नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक नन्दिनी लाहे थापाले आध्यात्मिक पर्यटन सम्बन्धी प्रस्तुति दिनुभयो । प्रस्तुतिले नयाँ समयमा नेपाल केवल भ्रमण गर्ने ठाउँ वा कुनै नियमित पर्यटन गन्तव्य मात्र नभएर पुर्नताजगी र आध्यात्मिक उपचार गर्ने ठाउँ पनि हो भन्ने कुरामा जोड दिनुभयो । भिजिट नेपाल कार्यक्रमको अन्तिम दिनमा संस्कृति अभियन्ता अनिल चित्रकारले बुद्धको जन्मस्थल लुम्बिनीका बारेमा आयोजित प्रत्यक्ष कार्यक्रममा सहभागी हुनुभयो । लुम्बिनी पूर्वाधार, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, र मास्टर प्लानको बारेमा वर्णन गर्दै चित्रकारले लुम्बिनी भगवान बुद्धको जन्मस्थलको रूपमा भ्रमण गर्ने ठाउँ मात्र नभएर आफैं चिन्न सघाउने गन्तब्य भएको प्रकाश पार्नुभयो । ड्रीम टु ट्राभल फेस्टिवल, डिजिटल अनुभवकोसम्भावनाहरू मार्फत गन्तब्य र यात्रालाई एकजुट गर्ने भर्चुअल इभेन्ट हो, जुन ४ साता सम्म चली जुलाई १७ मा समाप्त हुनेछ।

# सनराइज बैंकको डिजिटल माध्यमबाट चार शाखा विस्तार



काठमाडौं, २८ असार (कास) : सनराइज बैंकले एकै दिन ४ वटा शाखा र एक विस्तारित काउन्टर सञ्चालनमा ल्याएको छ । आइतबार बैंकका प्रमुख कार्यकारी अधिकृत जनक शर्मा पौड्यालले डिजिटल उद्घाटन समारोहमार्फत ४ वटा शाखा र १ विस्तारित काउन्टरको उद्घाटन गरे ।

कोभिड-१९ का कारण पर्न सक्ने सम्भावित असर एवं लकडाउनलाई मध्यनजर गर्दै सम्पूर्ण सुरक्षात्मक उपायहरू अवलम्बन गरी शाखा र विस्तारित काउन्टर सञ्चालनमा ल्याइएको बैंकले जनाएको छ । बैंकले कपन, कान्तिपथ, भंगाल, कुमारीगालमा शाखा र हरिसिद्धिमा विस्तारित काउन्टर विस्तार गरेको हो ।

हालसम्म सनराइज बैंकले १३४ वटा शाखा, ४८ वटा शाखारहित बैंकिङ सेवा, १० वटा विस्तारित काउन्टर र १६० वटा एटीएम मार्फत् आफ्नाकरिब ६ लाख ग्राहकलाई सेवा दिंदै आएको जनाएको छ ।

# एक जनाले दुईवटा मात्र सिमकार्ड लिन पाइने

काठमाडौं, २८ असार (कास) : एउटै सेवा प्रदायकबाट एक जनाले दुईभन्दा बढी सिमकार्ड राख्न नपाइने भएको छ । नेपाल दूरसञ्चार प्राधिकरणले सेवाग्राहीको सुरक्षाका लागि भन्दै नयाँ निर्णय गरेको हो ।

प्राधिकरणको नयाँ नियमअनुसार अबदेखि कुनै पनि व्यक्तिले एउटै टेलिकमको २ भन्दा बढी सिमकार्ड लिन पाइने छैन । यदि लिएको भए पनि अर्काको नाममा नामसारी गरेर सेवा बन्द गर्नुपर्ने छ । प्राधिकरणले निर्णय गरी सेवाप्रदायकलाई कार्यान्वयन गर्न निर्देशन दिइसकेको छ ।

नयाँ व्यवस्थाअनुसार यदि कुनै पनि ग्राहकले नेपाल टेलिकमका ३ सिमकार्ड लिएको भए अबदेखि एउटा सिम फिर्ता गर्नुपर्छ । यसरी फिर्ता गर्दा त्यो सिम अर्कैका नाममा दर्ता हुन्छ ।

# कुमारी बैंक र देव विकास बैंकको एकीकृत कारोबार सुरु

काठमाडौं, २८ असार (कास): कुमारी बैंक लिमिटेड र देव विकास बैंकको आधिकारिक एकीकृत कारोबार सुरु भएको छ । कुमारी बैंक लिमिटेडको टंगालस्थित प्रधान कार्यालयमा आयोजित एक कार्यक्रममा कुमारी बैंकका अध्यक्ष अमिरप्रताप जबरा र साविकको देवःविकास बैंकका अध्यक्ष बज्र गुरुङले संयुक्त रुपमा एकीकृत कारोबारको सुरुवात गरेका हुन् ।




एकीकृत कारोबारसँगै अब बैंकको कुल शाखा एवं एक्सटेन्सन काउन्टर २ सय १६, एटीएम काउन्टरको संख्या १ सय ३८ पुगेको छ ।

# तिनाउ मिसन डेभलपमेन्ट बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच सम्झौता

काठमाडौं, २८ असार (कास) : तिनाउ मिसन डेभलपमेण्ट बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच पशुधन, लघुवित्त तथा विपन्न वर्ग कर्जाको कर्जा सुरक्षण समवन्धी सम्झौतामा हस्ताक्षर भएको छ ।



सम्झौतापछि बैंकबाट कर्जा लिई खरिद गरेको पशुहरुको कर्जा सुरक्षण कोषबाट बीमा हुनेछ । साथै बैंकले प्रवाह गरेको १० लाख रुपैयाँसम्मको लघुवित्त तथा विपन्न वर्ग कर्जाको समेत सुरक्षा हुनेछ ।

यस्तै, अब बैंकबाट कर्जा लिई खरिद गरेको पशुको मृत्यु भएमा वा त्यस्तो पशु अनुत्पादक भएमा सम्वन्धीत पशुधनीले कोषबाट क्षतिपूर्ति पाउनेछन् ।

गाई, भैंसी, बाख्रा, बंगुरको लगायतका पशुहरुको बिमावापत लाग्ने शुल्कमध्ये ७५ प्रतिशत शुल्क नेपाल सरकारले र वाँकी २५ प्रतिशत शुल्क मात्र व्यवसायीले व्यहोनुपर्ने हुँदा उद्यमीलाई न्यूनतम शुल्कको मात्र भार पर्ने र जोखिम समेत न्यूनिकरण हुने बैंकले जनाएको छ ।

हाल चुक्तापुँजी १ अर्व ६७ करोड ५८ लाख रहेको बैंकले १५ अर्व ५० करोड निक्षेप संकलन गरी १२ अर्व ५२ करोड कर्जा प्रवाह गरेको छ भने ५३ वटा शाखा कार्यालयहरुबाट बैंकिङ कारोबार गरिरहेको बैंकका प्रमुख कार्यकारी अधिकृत प्रदीपकुमार श्रेष्ठले बताए ।

# नौखण्डे देउरालीमा औद्योगिकग्राम

हेटौंडा, २८ असार (रासस) : व्यावसायिक क्षेत्रको विकास र रोजगारी वृद्धि गर्ने उद्देश्यले मकवानपुरको थाहा नगरपालिकाले औद्योगिकग्राम स्थापना गर्ने भएको छ । यसका लागि संभाव्यता अध्ययन भइरहेको बताइएको छ । नगरप्रमुख लगशेर विष्टले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा समावेश गरी वडा नं ११ स्थित नौखण्डे देउरालीमा औद्योगिकग्राम स्थापना हुने जानकारी दिए । औद्योगिक ग्राम स्थापनाका लागि मनोकामना मन्दिरको नजिक १०० रोपनी जमिनमा प्राविधिक अध्ययन थालिएको उनले बताए । सीपमूलक तालीम सञ्चालन गरी साना उद्योग सञ्चालन गर्न चाहने व्यक्ति तथा फर्मलाई अनुदान र मेशनरी सहायता उपलब्ध गराउने व्यवस्था नगरको नीति तथा कार्यक्रममा उल्लेख छ ।

नगर क्षेत्रमा छरिएर रहेको पुँजी सहकारीको माध्यमबाट एकीकृत गरी सहकारी र नगरपालिकाको साझेदारी विभिन्न सीपमूलक र आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने योजनासमेत नगरपालिकाले अघि सारेको छ । नगरका स्थानीय वृद्धिजीवी हरिप्रसाद भट्टराईले औद्योगिक ग्राम स्थापना गर्नु खुशीको विषय भएको र विदेशमा रोजगारीका लागि युवालाई पठाउनुभन्दा स्वदेशमा सीपमूलक तालीम दिएर रोजगारीको व्यवस्था गर्नुपर्नेमा जोड दिए । वन विज्ञान अध्ययन संस्थान हेटौंडाका प्रध्यापक दामोदर गैरेले जडीबुटीका लागि प्रख्यात रहेकाले जडीबुटी विकासका लागि जोड दिन आग्रह गरे । थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष कविराज नेपालले औद्योगिक ग्रामका स्थापनामा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# सफाइकर्मीलाई राहत

चितवन, २८ असार (कास): क्रिएसनले कोकाकोला नेपालको साथमा सफाइकर्मी र उनीहरूको परिवारलाई कोरोना महामारीबाट सुरक्षित राख्न राहत तथा सुरक्षा सामग्री प्रदान गरेको छ । सहयोगको दोस्रो चरणस्वरूप चितवनमा राहत वितरण गरेको हो ।

राहत वितरण कार्यक्रम क्रिएसन र कोकाकोला नेपालको जारी सफाइकर्मी इमर्जेन्सी रिलिफ प्रोजेक्टको एक हिस्सा हो । यसको लक्ष्य नेपालभरका तीन हजार दुई सय सफाइकर्मीलाई सहयोग गर्ने र जीविकोपार्जनको रक्षा गर्ने छ । उक्त टोली अहिले अन्तिम चरणको राहत वितरण कार्यक्रमको तयारी गरिरहेको छ जुन आगामी साता सप्तरी, सिरहा र पर्सामा आयोजना गरिनेछ ।

चितवनमा भएको दोस्रो चरणको जागरुकता सामग्री र पञ्जा, बुट पीपीईलगायत ११७ सुरक्षा सामग्री वितरण गरिएको थियो ।



वितरणमा ६ सय ४० सफाइकर्मीहरू लाभान्वित भएका छन् । उनीहरूलाई ५ सय २७ प्याकेज खाद्यान्न, औषधि, ती सामाग्री रत्ननगर र भरतपुरका १५ वटा विभिन्न स्थानमा आयोजना गरिएको हो ।

# औषधि घरमा, फोनकै भरमा

काठमाडौं, २८ असार (कास) : 'औषधि घरमा, फोनकै भरमा' नाराका साथ चार वर्षदेखि घरमै औषधी डेलिभरी गर्दै आएको अनलाइन फार्मेसी इजी केयरले लकडाउनमा पनि सेवालाई निरन्तरता दिएको छ ।



काठमाडौं उपत्यकाको रिङरोडको १५ किलोमिटर बाहिरसम्म निः शुल्क होम डेलिभरी गरिने संस्थापक पवनराज घिमिरेले बताए । बिहान नौ बजे अगाडिको अर्डर सोही दिन र बाँकी अर्डर २४ घण्टा भित्र डेलिभरी गरिने बताइएको छ । जीवन रक्षाका अत्यावश्यक औषधीको इमर्जेन्सी डेलिभरी समेत गरिने र रातिको इमर्जेन्सी डेलिभरीमा पाँच सय थप शुल्क लाग्ने घिमिरेले बताए ।

रगतको स्याम्पल टेस्टको सेवा पनि इजी केयरले दिंदै आएको छ । इजी केयरका स्वास्थकर्मी ग्राहकको घरमै गएर स्याम्पल संकलन गरी गुणस्तरीय ल्याबमा जाँच गरेर रिपोर्ट बुझाउने बताइएको छ । उक्त सेवाका लागि ल्याब शुल्कबाहेक होम सर्भिसको थप सय रुपैयाँ शुल्क लाग्नेछ ।

ग्राहक र कर्मचारी दुवैको स्वास्थप्रति सजग हुँदै कर्मचारीको नियमित स्वास्थ परीक्षण गरिने बताइएको छ । साथै अनलाइन भुक्तानी गर्न नसक्ने ग्राहकले डेलिभरीको समयमा नगद भुक्तानी गर्न सक्ने छन् । लकडाउन पछि इजी केयरले आफ्नो सेवा पोखरा र विराटनगरमा विस्तार गर्ने बताइएको छ ।

# प्रिमियर इन्स्योरेन्सको नाफा २६ करोड ५८ लाख

काठमाडौं, २८ असार (कास) : प्रिमियर इन्स्योरेन्स कम्पनीले २६ करोड ५८ लाख रुपैयाँ खुद नाफा गर्न सफल भएको छ । काठमाडौंमा हालै सम्पन्न साधारणसभामा अध्यक्ष सुरेशलाल श्रेष्ठले संस्थाले गत आर्थिक वर्ष २०७५/०७६ मा कुल बिमा शुल्क एक अर्ब ६४ करोड ६७ लाख ८८ हजार रुपैयाँ आर्जन गरी खुद मुनाफा २६ करोड ५८ लाख रुपैयाँ आर्जन गरेको बताए । कम्पनीको चुक्ता पुँजी एक अर्ब सात करोड ४५ लाख रुपैयाँ पुगेको जनाइएको छ । सर्वसाधारणले सेयरधनीका तर्फबाट दुई सञ्चालकमा केदारनारायण मानन्धर र बलराम श्रेष्ठलाई पुनः निर्विरोध निर्वाचित गरिएको छ ।

# मौद्रिक नीति ०७७/०७८

# उद्योगी/व्यवसायीका अपेक्षा के छन् ?

नेपाल राष्ट्र बैंकले साउनको पहिलो साता सार्वजनिक गर्ने गरी आगामी आर्थिक वर्षका लागि मौद्रिक नीति तर्जुमा गरिरहेको छ । कोरोना भाइरस (कोभिड-१९) को महामारी र यसको संक्रमण रोक्न सरकारले गरेको लकडाउनका कारण प्रभावित भएको सर्वसाधारणदेखि उद्योगी-व्यवसायीसम्मले मौद्रिक नीतिबाट राहतको अपेक्षा गरेका छन् । मौद्रिक नीतिबाट बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको साँवा र ब्याजदरको किस्ता तिर्ने समयसीमा वृद्धिदेखि ब्याजदरमा सहुलियतसम्मको अपेक्षा बजारले गरिरहेको छ । कोरोनाले प्रभावित भएका उद्योगी-व्यवसायीहरूले त उद्योग पुनरुत्थानका लागि सस्तो ब्याजदरको सहुलियत कर्जाका साथै कालोसूची र धितो लिलामीको व्यवस्थामा समेत सहुलियतको आग्रह गर्दै केन्द्रीय बैंकमा सुझावसमेत बुझाइसकेका छन् । बैंक तथा वित्तीय संस्थाहरूलाई बचाउँदै सरकारदेखि उद्योगी, व्यवसायी र आमसर्वसाधारणको स्वार्थ मिल्ने गरी नीति तर्जुमा गर्नुपर्ने दबाब राष्ट्र बैंकलाई छ । सरकारले ल्याएको बजेटबाट खासै उत्साहित हुन नसकेका व्यवसायीहरू मौद्रिक नीतिमा बढी नै अपेक्षा गरिरहेका छन् । यसै सन्दर्भमा सुनचाँदी, हस्तकलाका साथै घरेलु तथा साना उद्योग क्षेत्रले मौद्रिक नीतिबाट राखेको अपेक्षाका विषयमा ***कारोबार***ले गरेको कुराकानीको सार :

## भारुसँगको स्थिर विनिमयदर पुनरावलोकन हुनुपर्छ



**मणिरत्न शाक्य**

*निवर्तमान अध्यक्ष, नेपाल सुनचाँदी व्यवसायी महासंघ*

कोभिड-१९ को महामारीका कारण देशको समग्र अर्थतन्त्र नै प्रभावित भएको अवस्थामा सुनचाँदी व्यवसायीहरू प्रभावित नहुने कुरै भएन । सुनचाँदी व्यवसायीहरू यतिबेला दोहोरो मर्कामा छन् । एकातिर कोरोना महामारी र लकडाउनका कारण उद्योग-व्यवसाय धराशायी भएको छ । अर्कातर्फ सुनचाँदीको मूल्य उच्च हुँदा लकडाउन लचिलो भएर बजार खुले पनि व्यवसायीलाई भने अप्ठेरो परिरहेको छ । यो अवस्थामा नेपाल राष्ट्र बैंकले जारी गर्ने मौद्रिक नीतिमार्फत सुनचाँदी व्यवसायीहरूले पनि धेरै अपेक्षा गरेका छन् ।

कोरोना महामारी र लकडाउनका कारण व्यवसायीहरूले बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जाको ब्याज तिर्न सकिरहेका छैनन् । तत्कालै सुनचाँदीको व्यवसाय राम्रोसँग सञ्चालन हुने सम्भावना नभएकाले ऋण तिर्नका लागि सहुलियत दिनुपर्छ । व्यवसायीले लिएको ऋणको पुनर्तालिकीकरण गरेर समय थप गर्नुपर्छ । यसैगरी सुनचाँदी व्यवसायीलाई पनि पुनर्कर्जा आवश्यक छ । अहिले राष्ट्र बैंकले सार्वजनिक गरेको पुनर्कर्जा कार्यविधिमा सुनचाँदी व्यवसायलाई समेटिएको छैन । त्यसैले कार्यविधिलाई अन्तिम रूप दिँदा सुनचाँदी व्यवसायीलाई पनि समेट्न माग गरेका छौं ।

अहिले बजारमा सुनको भाउ महँगो हुँदा बिक्री ठप्प छ । बरु लकडाउनपछि सर्वसाधारणले घरघरमा खर्च व्यवस्थापनका लागि सुन बिक्री गर्ने प्रचलन भने बढिरहेको छ । ग्राहकले बिक्री गर्ने सुन खरिद गर्नका लागि व्यवसायीहरूलाई पैसाको खाँचो छ । हामीलाई तरलताको अभाव छ । त्यसका लागि सहुलियत ब्याजदरमा कर्जा उपलब्ध होस् भनेर अपेक्षा गरेका छन् । जसरी बैंक तथा वित्तीय संस्थाहरू नेपाल राष्ट्र बैंकको लाइसेन्स लिएर वित्तीय कारोबार गर्छन्, सुनचाँदी व्यवसायीहरूले पनि परम्परागत रूपमा नै घर-घरमा नगद व्यवस्थापनसम्बन्धी चल सम्पत्तिका रूपमा सुनको काम गर्दै आइरहेकाले यसबाट व्यवसायीहरूलाई मात्र नभई आमउपभोक्ताहरूलाई पनि लाभ पुग्छ ।

यसपटकको मौद्रिक नीतिले नेपाली मुद्राको भारतीय मुद्रासँगको स्थिर विनिययदरलाई पनि पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखिएको छ । नेरुको भारुसँग स्थिर विनियमदर हुँदा अमेरिकी डलर महँगो भएको छ, जसका कारण नेपाली बजारमा सुनको भाउ पनि उच्च हुन पुगेको छ । अब यसलाई पनि पुनरावलोकन गर्नुपर्छ ।

कोरोनाको महामारीले सुनको भाउ उच्च भएको छ । अहिले बजारमा सुनको डिमान्ड छैन । लकडाउन खुकुलो बनाए पनि उद्योग, व्यापार-व्यवसाय र अर्थतन्त्र चलायमान छैन । सर्वसाधारणको सबै आवश्यकता पूरा भएपछि मात्र बचतबाट सुन किन्ने हो । सर्वसाधारणसँग बचत नै भएका कारण खरिद गर्नेको संख्या न्यून छ । अत्यावश्यक कामका लागि मात्र सुनको खरिद भइरहेको छ । बरु सुन बिक्री गर्न आउने उपभोक्ता बढिरहेका छन् । अहिले त्यही सुनले नै बजारको माग धान्ने अवस्था रहेकाले आयात गर्नुपर्ने अवस्था छैन ।

अहिले पनि सरकारले सुनलाई विलासी र अनुत्पादक वस्तुका रूपमा व्याख्या गर्दै आएको छ । अर्थतन्त्रको सिद्धान्तले कुनै पनि वस्तुबाट रोजगारी सिर्जना, राजस्व आर्जन र अर्थतन्त्र चलायमान हुन्छ भने त्यसलाई विलासी वा अनुत्पादक क्षेत्र भन्न मिल्दैन । सुनलाई सेफमा थन्क्याएर राख्दा मात्र अनुत्पादन हो । नेपालमा सुन जन्मदेखि मृत्यु संस्कारसम्म जोडिएको छ । देशको कुल गार्हस्थ्य उत्पादनमा सुनको कारोबारबाट ३ देखि ४ प्रतिशतसम्म योगदान पुगेको छ । हाम्रै छिमेकी देश भारत र चीनमा १५ प्रतिशतसम्म जीडीपीमा योगदान पुर्‍याएको छ । नेपालमा पनि जीडीपीमा योगदान २० प्रतिशतसम्म पुर्‍याउन सकिन्छ । यसका लागि सरकारको स्पष्ट दृष्टिकोण र सोअनुसारको नीति-नियम र आपूर्ति व्यवस्थापन हुनु आवश्यक हुन्छ । यसबाट नेपालमा रोजगारी सिर्जना, राजस्व वृद्धि र अर्थतन्त्रमा सकारात्मक असर पर्छ ।

## घरेलु तथा साना उद्योगको कर्जालाई विपन्न वर्गमा गणना गर्नुपर्छ

कोभिड-१९ को महामारी र संक्रमण रोक्न गरिएको लकडाउनका कारण नेपालको अर्थतन्त्रको मुख्य आधार लघु, घरेलु तथा साना उद्योग क्षेत्र नराम्रोसँग प्रभावित भएको छ । यसअघि पनि भूकम्प, नाकाबन्दीजस्ता समस्या भोग्यौं, तर अहिले कोरोनाको महामारीको प्रभाव धेरै छ । सरकारले यतिबेला उद्योग सञ्चालन गर भने पनि हामी विभिन्न समस्यामा जुधिरहेकाले सञ्चालन गर्न सकिरहेका छैनौं । यतिबेला हामीसँग उद्योग सञ्चालनका लागि कच्चापदार्थ, बैंकलाई बुझाउने ब्याज किस्ता तथा कामदार छैनन् । सरकारले कामदारलाई ५० प्रतिशत तलब भुक्तानी गर भने पनि मजदुरहरूले मानिरहेका छैनन्, राष्ट्र बैंकले बैंकको ब्याजदर २ प्रतिशत घटाउने भने पनि केही निजी बैंकले अझै घटाएका छैनन् । यो अवस्थामा घरेलु तथा साना उद्योगीहरूले मौद्रिक नीतिबाट धेरै अपेक्षा गरेका छन् ।

देशमा आर्थिक क्रियाकलाप विस्तारसँगै आयात बढ्ने प्रवृत्ति कायमै रहने देखिएकाले बाह्य क्षेत्रले स्थायित्वमा पर्न सक्ने प्रभावलाई समेत ध्यानमा राखी मौद्रिक तर्जुमा गर्नुपर्ने आवश्यकता देखिएको छ । त्यसैले अब मौद्रिक नीति उत्पादनमूलक क्षेत्र केन्द्रित हुँदै बैंक तथा वित्तीय संस्थालाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न अभिप्रेरित गर्ने नीति अवलम्बन गर्नुपर्छ ।

महामारीका कारण लामो समय उद्योग बन्द भएकाले व्यवसायीहरूले साँवा र ब्याजको किस्ता तिर्न सकिरहेका छैनन् । त्यसैले कोरोना प्रभावित उद्योगहरूलाई ६ महिनाको ब्याज र हर्जाना छुट हुनुपर्छ । यसैगरी अब कर्जाको पुनर्तालिकीकरण गरेर ऋण तिर्ने समयसीमा बढाउनुपर्छ । कोभिड-१९ का कारण प्रभावित भएका उद्योगले ऋण तिर्न नसक्ने भएमा धितो लिलाम गर्ने व्यवस्थालाई पनि अगामी दुई वर्षका लागि स्थगित गर्नुपर्छ ।

यसैगरी अब उद्योग सञ्चालन गर्नका लागि सहुलियत ब्याजदरमा ऋण आवश्यक छ । हामीले ३ प्रतिशत ब्याजदरमा पुनर्कर्जा माग गरे पनि राष्ट्र बैंकले ५ प्रतिशत ब्याजदर प्रस्ताव गरेको छ । अहिलेसम्म पुनर्कर्जा पनि साना तथा घरेलु उद्योगहरूले पाएका छैनन् । हाम्रो प्रयासले पहिलो पटक पुनर्कर्जाको कार्यविधिमा समेटेको छ । ब्याजदरलाई घटाउनुपर्छ । लघु तथा साना उद्योगहरूसँग धितोको व्यवस्था नहुँदा बैंकबाट ऋण पाएका छैनन् । हामीसँग करोडौं मूल्यबराबरको मेसिनरी हुन्छ, तर त्यसलाई बैंकले धितोका रूपमा स्वीकार गर्दैन । त्यसैले अब साना तथा घरेलु उद्योगहरूको स्थिर पुँजीलाई धितो मानेर लगानी गर्ने व्यवस्था हुनुपर्छ । यस्तै कोभिड प्रभावित लघु, घरेलु तथा साना उद्यमीहरूलाई सामूहिक जमानीमा कर्जा दिने व्यवस्था मिलाउनुपर्छ ।

कोभिड-१९ का कारणले बैंकहरूको अल्पकालीन ब्याजदरमा उतारचढाव आउने भएकाले ब्याजदर स्थायित्व कायम गर्नेतर्फ मौद्रिक नीतिको जोड हुनुपर्छ । अहिले समग्र बैंक तथा वित्तीय संस्थाहरूले कृषिमा न्यूनतम १० प्रतिशत तथा ऊर्जा र पर्यटनमा १५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ । यो व्यवस्थालाई कायम राख्दै लघु, घरेलु तथा साना उद्योगमा पनि १५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था ल्याउनुपर्छ ।



**उमेशप्रसाद सिंह**

*कार्यवाहक अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ*

यसैगरी राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई विपन्न वर्गमा निश्चित प्रतिशत अनिवार्य लगानी गर्नुपर्ने व्यवस्था गरेको छ । अब मौद्रिक नीतिमा विपन्न वर्ग कर्जा कार्यक्रमलाई लघु र घरेलु उद्यमसँग आबद्ध गराई लघु तथा घरेलु उद्यममा पुँजी बढाउनुपर्छ । यसैगरी कोभिडका कारण केही लघुउद्यम बिक्रीमा पनि छन् । यसलाई सहजीकरण गर्नका लागि मौद्रिक नीतिमा उद्योग-व्यवसाय खरिद-बिक्री गर्दा खरिदकर्ताले नयाँ प्रविधि र व्यवस्थापन प्रयोगमा ल्याउने भएको खण्डमा कर्जा हस्तान्तरण र थप लगानी व्यवस्था गर्नेपर्छ ।

यसैगरी लघु, घरेलु तथा साना कर्जा आवेदकलाई सरल प्रक्रियामार्फत कर्जा उपलब्ध गराउनेतर्फ नीतिले जोड दिनुपर्ने आवश्यकता छ । बैंकहरूले लगानी मात्र नभई व्यावसायिक परामर्श, वित्तीय साक्षरता र सूचना दिने प्रबन्ध मिलाउन व्यवस्था गर्नुपर्छ । महिलाहरूलाई दिइँदै आएको सहुलियतपूर्ण कर्जा सहज रूपमा उपलब्ध गराउने र विद्युत्बाट चल्ने सवारी साधनहरू सफा ट्याम्पो र ट्याक्सीहरूलाई पनि सहुलियतपूर्ण कर्जा दिने व्यवस्था आवश्यक छ ।

## सहुलियत ब्याजदरमा कर्जा आवश्यक



**सुरेन्द्रभाइ शाक्य**

*अध्यक्ष, नेपाल हस्तकला महासंघ*

कोरोना महामारीबाट विश्व नै आक्रान्त भएका बेला सबै क्षेत्रलाई असर पारिरहेको छ । नेपालमा पनि विभिन्न उद्योग-व्यवसाय प्रभावित भएको छ । अन्य क्षेत्रको तुलनामा हस्तकला उद्योगको क्षेत्र बढी नै प्रभावित भएको हामीले महसुस गरेका छौं । हस्तकला व्यवसायको बजार भनेको अन्तर्राष्ट्रिय हो । आन्तरिक बजारमा एकदमै न्यून मात्रामा हाम्रा उत्पादनहरू खपत हुन्छन् । कोरोनाका कारण हामीले हस्तकलाका सामान निर्यात गर्दै आएका अधिकांश देशहरू प्रभावित भएकाले यो व्यवसाय वर्षैभर प्रभावित हुने अनुमान गरेका छौं । अहिले पनि केही व्यवसायीहरूले सामान निर्यात त गरिरहेका छन्, तर त्यो अत्यन्तै न्यून छ ।

अहिलेको अवस्थामा नेपाल राष्ट्र बैंकले ल्याउने मौद्रिक नीति उत्पादनमूलक र निर्यातमूलक उद्योगलाई प्रवर्द्धन गर्ने खालको हुनुपर्छ । यस क्षेत्रका उद्योगहरूले सहज र सरल रूपमा आवश्यक कर्जा प्राप्त गर्ने वातावरण बनाउनुपर्छ । लकडाउनका कारण लामो समयदेखि व्यवसाय प्रभावित हुँदा बैंक तथा वित्तीय संस्थाको ऋणको किस्ता तिर्न सकिरहेका छैनन् ।

कोरोनाबाट सबै व्यवसाय प्रभावित भएकाले बैंकको सबै कर्जा मिनाहा नै गर्न सकिने अवस्था त नहोला, तर ६ महिनाको भए पनि ब्याजदर छुट दिनुपर्छ । यस्तै बैंकको ऋण तिर्नका लागि सहज वातावरण बनाउनुपर्छ । ऋण तिर्ने समयसीमा थप गर्नु आवश्यक छ ।

यसैगरी कोरोनाबाट प्रभावित उद्योगहरूलाई पुनः सञ्चालनमा ल्याउन पुँजी आवश्यक छ । यसका लागि बैंक तथा वित्तीय संस्थाहरूमार्फत सहुलियत ब्याजदरमा सरल कर्जा पनि ल्याउनुपर्छ । नेपाली कच्चा पदार्थ प्रयोग गरी सञ्चालन गर्ने उद्योगहरूलाई थप प्रोत्साहन दिनुपर्छ ।

कोरोनाको महामारीले गर्दा हस्तकलाका सामानका लागि नयाँ बजार खोज्नुपर्ने अवस्था आएको छ । अबको केही समय विदेश निर्यातभन्दा पनि स्वदेशी बजारलाई नै जोड दिनुपर्ने आवश्यकता छ । तर, स्वदेशी वस्तुको खपत गर्ने सरकारको नीति नै छैन । हुन त सरकारले १५ प्रतिशत महँगो भए पनि नेपाली सामान नै प्रयोग गर्ने भनेको छ । त्यो कुरा व्यवहारमा लागू भएको छैन । तपाईं अहिले पनि मन्त्रालय वा सरकारी निकायमा पुग्नुभयो भने टेबल, कुर्सी, सोफा, दराजका साथै सजावटका सामग्री, कार्पेट, पर्दासमेत चाइनिज वा विदेशी देख्नुहुन्छ ।

कोभिड, मेटल क्राफ्ट, ज्वेलरीजस्ता सामानहरू बाहिरबाट आएका कारण हाम्रा उद्योगका उत्पादन प्रभावित भएका छन् । अल्लोबाट बनेका सामानहरू नै धेरै छन् । पहिला उच्च ओहदामा बसेका व्यक्तिहरूबाट नेपाली सामानको प्रयोग गर्न सुरु गर्नुपर्छ ।

यसैगरी हस्तकलाका सामान उत्पादन गर्न आवश्यक कच्चापदार्थ नेपालमा सहज रूपमा उपलब्ध छैन । विभिन्न कठिनाइका कारण सेरामिक्स, ढुंगा, काठजस्ता सामान प्रयोग गर्न कठिनाइ भइरहेको छ । यसलाई पनि सहजीकरण गर्नु आवश्यक छ ।

अहिले महामारीका कारण देश नै अप्ठ्यारोमा परिरहेका बेला हामी सरकारलाई सहयोग पनि गरिरहेका छौं । विदेशबाट फर्किएका नेपाली युवाहरूलाई रोजगारीका लागि तालिम सञ्चालन गर्दैछौं । सरकारले प्रोत्साहन गरेका हस्तकला उद्योग नेपालमा धेरै सम्भावना भएको क्षेत्र हो ।

टीबीआई पब्लिकेसन्स प्रा. लि., ४९२ मध्यमार्ग, बुद्धनगर -१० काठमाडौं, नेपाल । द. नं. ५६/०६६/०६७ । फोन : ०१-४७८५०००, फ्याक्स : ०१-४७८५६६५, पोस्ट बक्स नं. १०४०७ । इमेल : editor@karobardaily.com । मुद्रक : एक्सप्रेस कलर प्रेस कं. प्रालि बुद्धनगर, कामनपा । गो.हु.का.द.नं. ०८/०७६/०७७ । अध्यक्ष : भवन भट्ट, प्रबन्ध निर्देशक/प्रबन्ध सम्पादक : शिशीर भट्ट । सम्पादक : कुबेर चालिसे
TBI Publications Pvt. Ltd., 492 Madhyamarga, Buddhanagar - 10 Kathmandu, Nepal | Regd. 56/ 066/ 067 | Tel. : +97714785000, Fax: +97714785665 | P.O. Box: 10407 | Printed at : Express Colour Press | Chairman: Bhaban Bhatta | Managing Director/ Managing Editor: Shisheer Bhatta | Editor: Kuber Chalise